# सहकारी क्षेत्रका समस्या समाधानका लागि नीतिगत, प्रकृयागत र संस्थागत विषयमा सिफारिश गर्न गठित कार्यदलको प्रतिवेदन

२०६८

# भूमिका

विश्वमा सहकारी अभियान १६७ वर्ष अघि देखि शुरु भएको भएता पनि नेपालमा यसको थालनी ५४ वर्ष अघि देखि मात्र भएको हो । सहकारी-मैत्री आर्थिक नीतिको अभावमा यस क्षेत्रमा अपेक्षित सुधार हुन सकेन । २०४८ सालमा लागू गरिएको " सहकारी ऐन २०४८" ले सहकारीको सिद्धान्त र मूल्यहरु अनुशरण गर्दै स्वतन्त्र रुपमा सहकारी संघ/संस्था स्थापना र संचालन हुने अवस्था सिर्जना गर्‍यो । फलस्वरुप करिव २० वर्षको अवधिमा २२ हजार भन्दा बढी नयाँ सहकारी संस्थाहरु अस्तित्वमा आएका छन् । सहकारी संस्थाहरुको संख्या, सदस्यता र कारोवारका आधारमा यस क्षेत्र प्रति जन आकर्षण बढ्दै गएको छ । नेपालको अन्तरिम संविधान २०६३ ले तीन खम्बे अर्थ नीति अंगिकार गरेपछि यस क्षेत्रलाई व्यवस्थित ढंगले प्रवर्द्धन र विकास गर्न केन्द्रिय निकायहरुको ध्यान जान थालेको छ । यसै सन्र्दभमा सहकारीको क्षेत्रमा गरिनु पर्ने नीतिगत, संरचनागत र प्रक्रियागत सुधारहरुको विषयमा स्पष्ट सिफारिस सहितको प्रतिवेदन पेश गर्नका लागि २०६६ साल मंसिर ११ गते प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयबाट निम्न अनुसारको कार्यदल गठन भएको थियो ।

1. डा.दिनेशचन्द्र देवकोटा - संयोजक
   उपाध्यक्ष
   राष्ट्रिय योजना आयोग
2. डा. जगदिश चन्द्र पोखरेल - संयोजक
   पूर्व उपाध्यक्ष
   राष्ट्रिय योजना आयोग
   (२०६७/११/२९ सम्म)
3. डा. युवराज खतीवडा - संयोजक
   पूर्व उपाध्यक्ष
   राष्ट्रिय योजना आयोग
   (२०६६/१२/९ सम्म)
4. श्री कृष्णहरी बास्कोटा - सदस्य
   सचिव
   अर्थ मन्त्रालय
5. श्री रामेश्वर खनाल - सदस्य
   पूर्व सचिव
   अर्थ मन्त्रालय
   (२०६७ साल चैत्र सम्म)
6. श्री नाथु प्रसाद चौधरी - सदस्य
   सचिव
   कृषि तथा सहकारी मन्त्रालय
7. श्री सरोज कुमार शर्मा - सदस्य

सह-अध्यक्ष
राष्ट्रिय सहकारी विकास बोर्ड

| | | | |
|---|---|---|---|
| ८. | श्री केशव बडाल<br>अध्यक्ष<br>राष्ट्रिय सहकारी संघ | - | सदस्य |
| ९. | श्री के.वि. मानन्धर<br>पूर्व डेपुटी गर्भनर<br>नेपाल राष्ट्र बैंक<br>(२०६६ साल चैत्रसम्म) | - | सदस्य |
| १० | श्री महा प्रसाद अधिकारी<br>डेपुटी गभर्नर<br>नेपाल राष्ट्र बैंक | - | सदस्य |
| ११ | श्री मिनराम कडेल<br>अध्यक्ष<br>केन्द्रीय बचत तथा ऋण सहकारी संघ | - | सदस्य |
| १२ | विषयगत केन्द्रय सहकारी संघका<br>अध्यक्षहरुको तर्फबाट प्रतिनिधित्व गर्ने<br>श्री रमेश पोखरेल | - | सदस्य |
| १३ | श्री सुदर्शन प्रसाद ढकाल<br>रजिष्ट्रार<br>सहकारी विभाग | - | सदस्य-सचिव |
| १४ | श्री महेश्वर शर्मा<br>पूर्व रजिष्ट्रार<br>सहकारी विभाग<br>(२०६७ साल बैशाखसम्म) | - | सदस्य-सचिव |

कार्यदलको समयावधि एक महिना तोकिएको भएता पनि विविध कारणवस हाल मात्र प्रतिवेदन तयार गरी पेश गर्न सकिएको छ ।

कार्यदलमा सहकारी क्षेत्रसंग जोडिएका सहकारी निकाय र सहकारी अभियानका जिम्मेवार पदाधिकारीहरुलाई सहभागी गराईएको हुँदा विद्यमान अवस्थालाई विश्लेषण गरी व्यवहारगत ढंगले नीतिगत, संरचनागत र प्रकृयागत पक्षमा गरिनु पर्ने सुधारका लागि सुझावहरु प्रस्तुत गरिएको छ,

विशेषतः सहकारी क्षेत्र बहुआयामिक विषय भएकोले यस क्षेत्रको प्रवर्द्धनका लागि आर्थिक तथा सामाजिक क्षेत्रका सबै सरकारी तथा गैर सरकारी क्षेत्रको परिचालन गरी समग्र सहकारी क्षेत्रको विकासका लागि राष्ट्रिय सहकारी नीतिको निर्माण गर्न आवश्यक भएको छ । त्यस्तै समय सापेक्ष कानूनी व्यवस्था गर्नु साथै उपयुक्त संगठन संरचना निर्माण गरी सहकारी क्षेत्रको विकास दिगो

बनाउन आवश्यक देखिएको छ । यिनै पृष्ठभूमिको सेरोफेरोमा रहेर दिइएका सुझावहरुको कार्यान्वयन भई सहकारी क्षेत्रको समष्टीगत विकास हुनेछ भन्ने विश्वास कार्यदलले लिएको छ ।

# कार्यकारी सारांश

सहकारी क्षेत्रलाई अर्थतन्त्रका तिन खम्बा मध्ये एक खम्बाको रुपमा अगाडी बढाउन चाल्नुपर्ने नीतिगत, प्रकृयागत र संस्थागत व्यवस्थाका विषयमा स्पष्ट सिफारिस सहितको प्रतिवेदन दिन गठित कार्यदलले ८ पटक बैठक बसी व्यापक छलफल गरेको थियो । छलफलको क्रममा सर्वप्रथम सहकारी क्षेत्रमा विद्यमान समस्याहरुलाई विश्लेषण गरियो । तत् पश्चात निर्क्यौल गरिएका समस्यालाई समाधान गर्न चालिनु पर्ने कदमहरुलाई अल्पकालिन र दीर्घकालिन रुपमा विभाजन गरी सुझावहरु प्रस्तुत गरिएको छ ।

कार्यदलले व्यापकरुपमा छलफल गरी निर्क्यौल गरेका समस्याहरु निम्न अनुसार रहेका छन् ।

**समस्याहरुः**

**नीतिगत समस्याहरु :**

- राष्ट्रिय सहकारी नीति र दीर्घकालिन सहकारी विकास योजना नहुनु ।
- सहकारी ऐन र नियममा समय सापेक्ष संसोधन हुन नसक्नु ।
- सहकारी बचत तथा ऋण ऐन र राष्ट्रिय सहकारी बैंक ऐन नहुनु ।
- सहकारी क्षेत्रका लागि आवश्यक पर्ने अनुदान र कर सम्बन्धि व्यवस्थाहरु सहकारी-मैत्री नहुनु ।
- सहकारी सम्बन्धि प्रशिक्षण र तालिम नीति नहुनु ।
- राष्ट्रिय सहकारी विकास बोर्डको प्रभावकारीता अपेक्षित रुपमा बढाउन नसकिनु ।
- सहकारीलाई समग्र आर्थिक क्षेत्रमा प्रवर्धन गर्ने खालका कानूनी व्यवस्था र सहयोगको अभाव हुनु ।

**प्रकृयागत समस्याहरु :**

- सरकार-सहकारी साझेदारी कार्यक्रम संचालनमा समस्या ।
- पुराना साझा संस्थाहरुलाई सहकारीकरण गर्न नसकिनु ।
- बचत तथा ऋणको वित्तिय कारोबार गर्ने सहकारी संस्थाहरुको सघन अनुगमन हुन नसक्नु ।
- सहकारी जनचेतना सम्बन्धि सूचना सामाग्री निर्माण, प्रकाशन तथा प्रसारण न्यून हुनु ।
- औपचारिक सहकारी शिक्षा दिने व्यवस्था नहुनु ।

**संस्थागत समस्याहरु :**

- सहकारी क्षेत्रको विकासलाई उपयुक्त गति दिन प्रभावकारी संयन्त्रको अभाव ।
- सहकारी विभागको संरचना र क्षमता अभिवृद्धि गर्न नसकिनु ।
- सहकारी अध्ययन तथा प्रशिक्षण प्रतिष्ठान स्थापन र विद्यमान प्रशिक्षण केन्द्रहरुको सुदृढीकरण हुन नसक्नु ।
- विभिन्न स्तरका सहकारी संघहरुको संस्थागत क्षमता सुदृढ गर्न नसकिनु ।
- सहकारी बैंकको तरल पूँजिगत अवस्था रहनु ।

- समग्र सहकारी क्षेत्रको विकासका लागि विशिष्टीकृत छुट्टै केन्द्रीय संगठन नहुनु ।

उल्लेखित समस्याहरु समाधान गरी सहकारी क्षेत्रको विकास गर्नका लागि कार्यदलले निम्न अनुसारका अल्पकालिन तथा दीर्घकालिन सुझावहरु सिफारिस गरेको छ ।

## सुझावहरु

**अल्पकालिन**

- राष्ट्रिय सहकारी नीति तथा दीर्घकालिन सहकारी योजना तयार गर्ने ।
- सहकारी ऐन तथा नियममा समयसापेक्ष परिमार्जन गर्ने ।
- सहकारीलाई सहुलियतयुक्त कर नीति अवलम्बन गर्ने ।
- सहकारी संचालन गर्ने उद्योगहरु स्थापना गर्न पूँजिगत अनुदान दिने ।
- सहकारी मार्फत लक्षित कार्यक्रमहरु संचालन गर्ने ।
- सहकारी सम्बन्धि अध्ययन/अनुसन्धान गर्ने ।
- बचत तथा ऋणको कारोबार गर्ने तथा अन्य सहकारीहरुको सघन अनुगमन गर्ने ।
- स्थायी प्रकृतिको उच्चस्तरीय सहकारी क्षेत्र समस्या समाधान समिति बनाउने ।
- सहकारी क्षेत्रका लागि पर्याप्त बजेट विनियोजन गर्ने ।
- सरकार-सहकारी साझेदारी कार्यक्रम संचालन गर्ने ।
- कृषि सहकारी संस्थाहरु मार्फत विशेष कार्यक्रम संचालन गर्ने ।

**दीर्घकालिन**

- सहकारी वचत तथा ऋण ऐन तर्जुमा गरी लागु गर्ने ।
- छुट्टै सहकारी बैंक ऐन तर्जुमा गर्ने वा बैंक तथा वित्तिय संस्था ऐन २०६३ मा संसोधन गरी सहकारी बैंकको लागि छुट्टै प्रावधान राख्ने ।
- राष्ट्रिय सहकारी विकास बोर्डलाई सहकारी सम्बन्धि Think Tank को रुपमा विकसित गर्ने ।
- सहकारी सम्बन्धि कार्यहरु हेर्ने गरी सहकारी मन्त्रालयको स्थापना गर्ने ।
- सुपथ मूल्यका सहकारी पसल मार्फत अत्यावश्यक खाद्यवस्तु विक्रि वितरण गर्ने व्यवस्था मिलाउने ।
- सहकारी सूचना केन्द्र स्थापना गरी संचालन गर्ने ।
- सहकारी विभाग र अन्तरगत निकाय तथा प्रशिक्षण केन्द्रहरुको संस्थागत सुदृढीकरण गर्ने ।
- केन्द्रमा रहेका साझा संस्थाहरुलाई सहकारीकरण गर्ने । ग्रामिण स्तरका साझा संस्थाहरुको ऋण मिन्हा गर्ने ।
- केन्द्रीय सहकारी प्रशिक्षण केन्द्रलाई अन्तराष्ट्रिय स्तरको सहकारी प्रशिक्षण तथा अध्ययन प्रतिष्ठानमा रुपान्तरण गर्ने ।
- शैक्षिक संस्थाहरुबाट औपचारिक सहकारी शिक्षा दिने व्यवस्था मिलाउने ।
- सहकारीको कार्यक्षेत्र विस्तार गर्ने ।
- सहकारी क्षेत्रमा पनि वैदेशिक सहयोग उपयोग गर्न मिल्ने गरी बैदेशिक सहायता नीतिमा परिमार्जन गर्ने ।

- राष्ट्रिय सहकारी संघ/विषयगत केन्द्रीय संघहरुको क्षमता विस्तार तथा भौतिक पूर्वाधार निर्माण गर्न सहयोग गर्ने ।
- सहकारी बैंक र सहकारी संस्थाहरु मार्फत ग्रामिण स्तरमा ऋण प्रवाह गर्ने नीति लिने ।
- काठमाण्डौंमा केन्द्रिय सहकारी बजार र जिल्लामा पनि आवश्यकता अनुसार सहकारी बजारको निर्माण गरी संचालन गर्ने ।
- सबै अंचलमा १-१ वटा शीत भण्डार निर्माण गरी संचालन गर्ने ।

# विषय सूची


पेज नं.

**भाग १ : प्रारम्भिक**

१.१ पृष्ठभूमि 1

१.२ कार्यदलको गठन तथा कार्य विवरण 2

**भाग २ : सहकारी क्षेत्रको विद्यमान अवस्था**

२.१ विभाग र अन्तरगतका निकायहरु 4

२.२ २०६७ चैत्र मसान्तसम्मको संघ संस्थाहरुको विवरण 4

२.३ त्री-वर्षीय योजना (२०६४/६५-२०६६/६७) मा सहकारी क्षेत्रको वजेट व्यवस्था 6

**भाग ३ : सहकारी क्षेत्रका विद्यमान समस्याहरु र प्रभाव**

३.१. नीतिगत समस्याहरु 7

३.१.१ राष्ट्रिय सहकारी नीति र दीर्घकालीन सहकारी विकास योजनाको अभाव हुनु 7

३.१.२ सहकारी ऐन र नियममा समय सापेक्ष संशोधन हुन नसक्नु 7

३.१.३ सहकारी वचत तथा ऋृण ऐन र राष्ट्रिय सहकारी बैंक ऐन नहुनु 8

३.१.४ सहकारी क्षेत्रको लागि आवश्यक पर्ने अनुदान, राजस्व र कर नीति सहकारी- मैत्री नहुनु 8

३.१.५ सहकारी प्रशिक्षण र तालिम नीति नहुनु 9

३.१.६ राष्ट्रिय सहकारी विकास वोर्डको प्रभावकारीता अपेक्षित रुपमा नबढ्नु 9

३.१.७ सहकारीलाई समग्र आर्थिक क्षेत्रमा प्रबर्द्धन गर्ने खालका कानूनी व्यवस्थाहरु र सहयोगको अभाव हुनु 10

३.२. प्रकृयागत समस्याहरु 10

३.२.१ सरकार-सहकारी साझेदारी कार्यक्रम संचालनमा समस्या 10

३.२.२ पुराना साझा संस्थाहरुलाई सहकारीकरण गर्न नसकिनु 11

३.२.३ बचत तथा ऋणको वित्तीय कारोवार गर्ने सहकारी संस्थाहरुको सघन अनुगमन हुन नसक्नु 12

३.२.४ सहकारी जनचेतना सम्वन्धी सूचना सामाग्री निर्माण, प्रकाशन तथा प्रशारण न्यून हुनु 13

३.२.५ औपचारिक सहकारी शिक्षा दिने व्यवस्था नहुनु 13

३.३. संस्थागत समस्याहरु 13

३.३.१ सहकारी क्षेत्रको विकाशलाई उपयुक्त गति दिन प्रभावकारी संयन्त्रको अभाव 13

३.३.२ सहकारी विभागको संरचना र क्षमता अभिवृद्धि गर्न नसकिनु 14

३.३.३ सहकारी अध्ययन तथा प्रशिक्षण प्रतिष्ठानको स्थापना र विद्यमान प्रशिक्षण केन्द्रहरुको सुदृढीकरण हुन नसक्नु 14

३.३.४ विभिन्न स्तरका सहकारी संघहरुको को संस्थागत क्षमता सुदृढ गर्न नसकिनु 15

३.३.५ सहकारी विकास बैंकको तरल पुँजीगत अवस्था 15

३.३.६ समग्र सहकारी क्षेत्रको विकासका लागि विशिष्टकृत छुट्टै केन्द्रीय संगठन नहुनु 16

**भाग ४: सुझाव र सिफारिश**

अल्पकालिन 17

दिर्घकालिन 18

अनुसूची-१ 23

अनुसूचि-२ 37

# भाग १ : प्रारम्भिक

## १.१ पृष्ठभूमि

नेपालमा वि.सं. २०१० सालमा सहकारी विभागको स्थापना भए पछि सहकारी क्षेत्रको विकास आरम्भ भएको हो । वि.सं. २०१३ साल चैत्र २० गते पहिलो संस्थाको रुपमा चितवन जिल्लामा बखान सहकारी संस्था दर्ता भएको थियो । पहिलो पटक नेपालमा सहकारी संस्था दर्ता भएको मितिको आधारमा प्रत्येक वर्ष चैत्र २० गते राष्ट्रिय सहकारी दिवस मनाउने गरिएको छ । नेपालको इतिहासमा पहिलो पटक पहिलो जननिर्वाचित संसदबाट वि.स. २०१६ सालमा सहकारी संस्था ऐन प्रचलनमा ल्याई सहकारी संस्थाहरुको स्वरुपलाई बैधानिक स्वरुप प्रदान गरियो । सहकारी क्षेत्रको विकासका लागि २०४८ साल अघि पनि प्रयासहरु भएका हुन् । तर प्रजातान्त्रिक वातावरणको अभावमा सहकारीका सिद्धान्त र मूल्यहरुको प्रबर्द्धन हुने अवस्था थिएन । ३० वर्षे पंचायत कालखण्डमा सहकारी संस्थाको रुपमा राज्य स्वंयको व्यवस्थापनमा साभ्ता संस्थाहरुको स्थापना गरियो । जनसहभागिताको अभावमा राज्यद्वारा सम्पूर्ण रुपमा व्यवस्थापन गरिएका सहकारी संस्थाहरु धराशायी बन्न पुगे । अस्तित्वमा रहेका केही साभ्ता संस्थाहरु नयाँ व्यवस्था अनुसार प्रचलित सहकारीका सिद्धान्त र मूल्यहरु एवं प्रचलनमा रहेको सहकारी ऐन बमोजिम सहकारीकरण हुन नसकी आफ्नो अस्तित्व जोगाउन नसक्ने अवस्थामा पुगेका छन् ।

बहुदलीय व्यवस्थाको पुनर्स्थापना पछि २०४८ सालमा सहकारी सिद्धान्त र मूल्यहरुलाई आत्मसाथ गरी सहकारी ऐन, २०४८ को निर्माण गरियो जसले संस्थाहरुको संख्यात्मक बृद्धिमा ठूलो टेवा पुऱ्याई आएको छ । २०४८ साल पछिको दशकमा पनि निजिकरणले पाएको उच्च प्राथमिकताले गर्दा सहकारी क्षेत्रको विकासमा राज्यको प्रर्याप्त ध्यान पुग्न सकेन । संबैधानिक रुपमा पहिलो पटक नेपालको अन्तरिम संविधान, २०६३ को धारा ३५ (२) ले “सरकार, सहकारी र निजी क्षेत्रको माध्यमबाट मुलुकमा अर्थतन्त्रको विकास गर्ने नीति राज्यले अवलम्बन गर्ने” भन्ने व्यवस्थाबाट राज्यले सहकारी क्षेत्रको विकासमा स्पष्ट दिशा लिएको छ । त्यसैगरी तीन वर्षीय अन्तरिम योजनाले पनि पहिलो पटक छुट्टै अध्यायको व्यवस्था गरी सहकारी क्षेत्रको विकासका लागि महत्व दिएको छ । चालु त्रि-वर्षिय योजनाले पनि सहकारी क्षेत्रलाई महत्व दिएको छ ।

मूलुकको अर्थतन्त्रको विकासमा सरकार र निजी क्षेत्र संगसंगै सहकारी क्षेत्रको भूमिकालाई प्रबर्द्धन गर्न राज्यको भूमिका सशक्त बनाउनु पर्ने तर्फ सम्माननीय प्रधानमन्त्रीको ध्यान आकृष्ट गर्दै सहकारी संस्थाहरुको सबैभन्दा माथिल्लो संगठन राष्ट्रिय सहकारी संघले सहकारी क्षेत्रका समस्याहरु नेपाल सरकार समक्ष राखेको थियो । सोही क्रममा सम्माननीय प्रधानमन्त्रीको निर्देशन बमोजिम राष्ट्रिय योजना आयोगका माननीय उपाध्यक्षको संयोजकत्वमा सहकारी क्षेत्रको विकासका लागि नीतिगत, प्रक्रृयागत र संस्थागत सुधारका लागि सुझाव सिफारिश गर्न बि.सं. २०६६ मंसिरमा एक कार्यदल गठन गरिएको थियो ।

## १.२. कार्यदलको गठन तथा कार्य विवरण

प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, सामाजिक विकास महाशाखाको प.सं. ०६६/६७, च.नं. १३ मिति २०६६/८/११ को पत्रबाट देहाय अनुसारको कार्यदल गठन भएको थियो ।

| | |
|---|---|
| माननीय उपाध्यक्ष, राष्ट्रिय योजना आयोग | - संयोजक |
| सचिव, अर्थ मन्त्रालय | - सदस्य |
| सचिव, कृषि तथा सहकारी मन्त्रालय | - सदस्य |
| सह अध्यक्ष, राष्ट्रिय सहकारी विकास वोर्ड | - सदस्य |
| अध्यक्ष, राष्ट्रिय सहकारी संघ लि. | - सदस्य |
| डेपुटी गभर्नर, नेपाल राष्ट्र बैंक | - सदस्य |
| अध्यक्ष, केन्द्रीय बचत तथा ऋण सहकारी संघ लि. | - सदस्य |
| अध्यक्षहरु, विषयगत सहकारी संघ (सम्बन्धित विषयमा मात्र) | - सदस्य |
| रजिष्ट्रार, सहकारी विभाग | - सदस्य सचिव |

कार्यदललाई सहकारी क्षेत्रलाई अर्थतन्त्रका तिन खम्बा मध्येको एक खम्बाको रुपमा अगाडि बढाउन चाल्नु पर्ने नीतिगत प्रकृयागत र संस्थागत व्यवस्थाका विषयमा स्पष्ट सिफारिस सहितको प्रतिवेदन दिनु पर्ने कार्य विवरण तोकिएको थियो ।

कार्यदलले आफ्नो कार्य प्रारम्भ २०६६/८/२६ देखि शुरु गरेको थियो । ८ पटक कार्यदलको बैठक बसी कार्यदलका सदस्यहरु तथा सहकारी क्षेत्रमा निरन्तर क्रियाशिल रहनु भएका व्यक्तित्वहरुसंग छलफल गरी यो प्रतिवेदन तयार गरिएको छ । कार्यदलको बैठकमा सुझाव लिन सहकारी क्षेत्रका विज्ञ र अनुभवी ब्यक्तिहरुलाई निरन्तर आमन्त्रण गरी छलफलमा सहभागी गराइएको थियो ।

कार्यदललाई आफ्नो काम सम्पन्न गर्न एक महिनाको समय सीमा दिइएकोमा विभिन्न कारणबाट अन्तिम प्रतिवेदन दिन बढी समय लाग्न गयो । यो प्रतिवेदन तयारीमा सहकारी क्षेत्रको विद्यमान कठिनाईहरुलाई सम्बोधन गर्ने दृष्टिकोणले सुझावहरु सिफारिश गरिएको छ । सहकारी क्षेत्रको विकासका लागि कार्यक्रम कार्यान्वयन योजना र कार्य जिम्मेवारी समेत प्रस्तुत गरिएको छ । कार्यदलको सिफारिशहरुमा सहकारी क्षेत्रको विकासका राष्ट्रिय सहकारी नीति र दीर्घकालीन सहकारी विकास योजनाको निर्माण सहकारी ऐनमा समयानुकूल परिमार्जन, सहकारी सम्बन्धी राजस्व र कर नीति सहकारी शिक्षा तथा निरन्तर रुपमा भएका कामको समीक्षा र समस्या समाधानका लागि समयमै उपयुक्त निकास निकाली सहकारी क्षेत्रको विकासलाई अगाडी बढाउन स्थायी प्रकृतिको उच्चस्तरीय सहकारी क्षेत्र समस्या समाधान समिति निर्माणको सिफारिशलाई कार्यदलले महत्वपूर्ण ठानेको छ ।

# भाग २ : सहकारी क्षेत्रको विद्यमान अवस्था

## २.१. विभाग र अन्तरगतका निकायहरु

कृषि तथा सहकारी मन्त्रालयले सहकारी क्षेत्रको निकायगत नेतृत्व वहन गर्नुका साथै सहकारी क्षेत्रको विकासका लागि नीति तथा कार्यक्रमको तर्जुमा र अनुगमनको जिम्मेवारी वहन गर्दै आएको छ । राष्ट्रिय सहकारी विकास वोर्ड ऐन, २०४९ द्वारा संचालन हुने राष्ट्रिय सहकारी विकास वोर्डले सहकारी क्षेत्रको नीतिगत पृष्ठपोषण, अध्ययन अनुसन्धान, सहकारी संघ संस्थाहरुको प्रबर्द्धन र समन्वयको भूमिका प्राप्त गरेको छ ।

सहकारी ऐन, २०४८, सहकारी नियमावली, २०४९ को आधारमा सहकारी संघ संस्थाको दर्ता, अनुगमन, नियमन, र सहकारीका पदाधिकारी, सदस्य र कर्मचारीहरुलाई तालिम संचालन गर्ने कार्य सहकारी विभाग र अन्तर्गतका कार्यालयबाट सम्पादन हुदै आएको छ । यसका लागि केन्द्रीयस्तरमा सहकारी विभाग र केन्द्रीय सहकारी प्रशिक्षण केन्द्र रहेको छ भने ५ वटा क्षेत्रमा सहकारी प्रशिक्षण केन्द्र र डिभिजन कार्यालयहरु तथा ३३ जिल्लाहरुमा डिभिजन सहकारी कार्यालयहरु गरी जम्मा ४० वटा कार्यालयहरु रहेका छन् । यी कार्यालयहरुमा विभिन्न तहका गरी करिब ६०० कर्मचारीहरुको दरबन्दी स्वीकृत रहेकोमा हाल ४१० जना कार्यरत छन् ।

**तालिका नं. १ : विभाग र अन्तर्गतका निकायमा कार्यरत सहकारी कर्मचारीको विवरण**

| पद श्रेणी | स्वीकृत दरवन्दी | पदपूर्ति | रिक्त |
|---|---|---|---|
| राजपत्रांकित | ६१ | ५३ | ८ |
| राजपत्र अनंकित | ३९४ | २७० | १२४ |
| श्रेणी विहिन | १३९ | ८७ | ५२ |
| जम्मा | ५९४ | ४१० | १८४ |

(श्रोत : सहकारी विभागको अभिलेख)

## २.२. २०६७ चैत्र मसान्तसम्मको संघ संस्थाहरुको विवरण

२०६३ चैत्र मसान्तसम्म ९७२० को संख्यामा रहेको प्रारम्भिक तहका सहकारी संस्थाहरुको संख्या २०६७ सालको चैत्र मसान्तसम्म २२६४६ पुगेको छ । सहकारी संस्थाहरुको स्थापना र संचालनमा आम नागरिकहरुको आकर्षण बढेको यस तथ्याङ्कले पुष्टी गरेको छ । सहकारी संघ संस्थाको तथ्याङ्क तालिका नं. २ मा प्रस्तुत गरे अनुसार रहेको छ ।

**तालिका नं. २ : २०६७ चैत्र मसान्तसम्मको सहकारी संघ संस्थाहरुको विवरण**

| क्र.सं. | संस्थाको प्रकार | जम्मा संख्या |
|---|---|---|
| १. | प्रारम्भिक सस्था | २२६४६ |
| २. | जिल्ला संघ | ६७ |
| ३ | विषयगत जिल्ला संघ | १३० |
| ४. | विषयगत केन्द्रीय संघ | ११ |
| ५ | राष्ट्रिय सहकारी बैंक | १ |
| ६. | राष्ट्रिय सहकारी संघ | १ |
| | जम्मा | २२८५६ |

स्रोत : सहकारी विभागको अभिलेख

सहकारी संस्थाका माध्यमबाट बचत तथा ऋण, दुग्ध, पसल, चिया, कफी, तरकारी तथा फलफूल, कृषि, मह, उखु, जुनार, जडिवुटी, स्वास्थ्य, पर्यटन, संचार, विद्युत आदि क्षेत्रहरुमा व्यवसाय गर्ने गरी सहकारी संस्थाहरु स्थापित हुने क्रम बढिरहेको छ । सहकारीमा संलग्न सदस्यहरुको संख्या ३० लाख पुगेको छ जसमध्ये महिला सदस्यहरुको संख्या ४०.५ प्रतिशत रहेको छ । २५४४ सहकारी संस्थाहरु पूर्ण रुपमा महिलाहरुको समूहद्वारा संचालन हुनुले महिला सशक्तिकरणमा समेत सहकारीको विकासले योगदान पुऱ्याएको छ ।

पिछडिएको क्षेत्र र समूदायमा सहकारी संस्था प्रतिको आकर्षण बढिरहेको अनुभूति गरिएको छ । यस क्षेत्रले कूल वित्तीय कारोबारको १५ प्रतिशत भन्दा बढी अंश ओगटन सफल भएको छ । करिब ५० हजार भन्दा वढी व्यक्तिहरुले प्रत्यक्ष रोजगारी प्राप्त गरेका छन् भने ५ लाख भन्दा बढी व्यक्तिहरुले अप्रत्यक्ष रोजगारी पाएको अनुमान गरिएको छ । रु. १५० अर्ब भन्दा बढी पूंजी परिचालन भई गाउंदेखी शहरसम्म उद्यम व्यवसायको प्रबर्द्धन र कृषि उत्पादनमा महत्वपूर्ण योगदान पुऱ्याएको छ । सहकारी क्षेत्रबाट ठूला, मझौला र साना उद्योगहरु प्रबर्द्धन हुने प्रवल संभावना देखा परेको छ । प्रतिस्पर्धात्मक क्षमताका क्षेत्रहरु पर्यटन, जलश्रोत, वनजस्ता क्षेत्रको दिगो उपयोगबाट देशको स्वाधीन र सवल अर्थतन्त्रको निर्माणमा सहकारी संस्थाहरु सवल हुने संभावना देखिएको छ । सहकारी संघ संस्थाहरुको विकासले सामाजिक सद्भाव र द्वन्द न्यूनीकरणमा समेत योगदान पुगेको पाइएको छ ।

## २.३. त्री-वर्षीय योजना (२०६४/६५-२०६६/६७) मा सहकारी क्षेत्रको वजेट व्यवस्था

त्रि-वर्षिय योजना अबधि (२०६४/६५-२०६६/६७) भरका लागि रु. १ अरब ६ करोड ९६ लाख रकम खर्च हुने अनुमान गरिएको भएता पनि उपभोक्ता सहकारी पसल तथा सहकारी खेती जस्ता कार्यक्रमहरु थप भएको कारणले गर्दा यथार्थमा योजना अवधि भर १ अरब ५० करोड ५८ लाख रकम सहकारी क्षेत्रका लागि विनियोजन भएको देखिन्छ।

**तालिका नं. ३ : त्रि-वर्षिय योजनामा सहकारी क्षेत्रको बजेट**

(रु. करोडमा)

| क.सं | कार्यक्रम | बजेट |
|---|---|---|
| १. | सहकारी नीति, योजना, सङ्गठन र संघ/संस्था व्यवस्थापन | ९.८५ |
| २. | सहकारी शिक्षा, सूचना र तालिम | २६.४४ |
| ३. | सहकारी व्यवसाय प्रवर्द्धन | १५.५५ |
| ४. | लैङ्गिक विकास, सामाजिक समावेशीकरण, कर्णाली विशेष समेत | १.६५ |
| ५. | सरकार/सहकारी साझेदारी कार्यक्रम | २५.०० |
| ६. | सञ्चालन खर्च | २८.४९ |
| | **कुल जम्मा** | १०६.९६ |

(श्रोत : त्रि-वर्षिय अन्तरिम योजना २०६४/६५-२०६६/६७)

# भाग ३ : सहकारी क्षेत्रका विद्यमान समस्याहरु र प्रभाव

## ३.१. नीतिगत समस्याहरु :

### ३.१.१. राष्ट्रिय सहकारी नीति र दीर्घकालीन सहकारी विकास योजनाको अभाव हुनु

नेपालको अन्तरिम संविधान, २०६३ को धारा ३५(२) मा "सरकार, सहकारी र निजी क्षेत्रको माध्यमबाट मुलुकमा अर्थतन्त्रको विकास गर्ने नीति राज्यले अवलम्बन गर्ने" भन्ने व्यवस्था र अन्तरिम योजनामा सहकारी क्षेत्रको विकासका लागि छुट्टै अध्यायको व्यवस्थासम्म गरिएको छ । हालसम्म सहकारी क्षेत्रको समष्टिगत पक्षलाई समेटी छुट्टै राष्ट्रिय सहकारी नीति र दीर्घकालीन सहकारी विकास योजना बन्न सकेको छैन । फलस्वरुप योजनाबद्ध ढंगले समग्र रुपमा सहकारी क्षेत्रको विकास अभियानलाई अगाडि बढाउन सकिएको छैन । त्यस्तै सहकारी संघ/संस्थाबाट संचालन गरिने कार्यक्रमहरुसंग गरिवी निवारणका लागि संचालित कार्यक्रमहरु पनि आवद्ध गर्न सकिएको छैन । सरकारी निकायहरुबाट पनि सहकारी क्षेत्रको विकासमा समुचित रुपमा योगदान पुऱ्याउन सकिएको छैन । छिटफुट रुपमा गैर सरकारी संस्था र दातृ निकायहरु सहकारी क्षेत्रको विकासमा संलग्न भएता पनि देशको बैदेशिक सहायता नीतिमा सहकारी क्षेत्रलाई नसमेटिएकोले सहकारी क्षेत्रमा बैदेशिक सहयोग उपयोगको संभावनालाई सीमित तुल्याएको छ । राष्ट्रिय सहकारी नीतिको अभावमा सहकारी संरचना मार्फत उद्योग व्यवसाय स्थापना र संचालनमा निकायगत कानूनहरु बाधक भई सहकारी क्षेत्रको उपयुक्त ढंगले विकास हुन नसकी सिंगो सहकारी क्षेत्र पिछडिएको अवस्थामा छ ।

### ३.१.२. सहकारी ऐन र नियममा समय सापेक्ष संशोधन हुन नसक्नु

२० वर्ष अगाडि तर्जुमा भई कार्यान्वयनमा आएको सहकारी ऐनमा सहकारीको आकार तथा क्षेत्रमा भएको बिस्तारलाई समेत सम्बोधन र प्रोत्साहन गर्ने गरी समय सापेक्ष परिमार्जन गर्न सकिएको छैन । सहकारी संघहरुमा सहकारी संस्थाहरुको आबद्धता अनिवार्य नभएबाट सहकारी संघहरुको सक्रियता बढ्न सकेको छैन भने संघहरु मार्फत स्वनियमनको सहकारी अबधारणाको प्रयोग सिमित बनेको छ । सहकारी संस्थाहरुको

प्रतिनिधित्व प्रणालीमा सुधार गरी सदस्य संख्याको आधारमा संस्थाको नेतृत्व विकासका लागि पनि विद्यमान कानून परिमार्जनको आवश्यकता देखिएको छ ।

### ३.१.३. सहकारी वचत तथा ऋण ऐन र राष्ट्रिय सहकारी बैंक ऐन नहुनु

संचालन रहेका सहकारी संस्थाहरु मध्ये आधा भन्दा बढी बचत तथा ऋणको कारोवार गर्ने संस्थाहरु रहेका छन् । सहकारी संस्थाहरुबाट ठूलो परिमाणको वित्तीय कारोवार हुनुले यस क्षेत्रको लागि छुट्टै कानून आबश्यक भएको छ । मूलुकको वित्तीय र मौद्रिक नीति, प्रचलित वित्तीय अनुशासन सम्बन्धी कानूनहरु र अन्तराष्ट्रिय दायित्व निर्वाहका लागि स्पष्ट कानूनी प्राबधान आवश्यक देखिएको छ । वित्तीय कारोवार गर्ने सहकारी संस्थाहरुको व्यवस्थापनलाई व्यवस्थित गर्न आवश्यक मापदण्डहरुको निर्माण र सो मापदण्डहरुको पालना गर्न गराउन प्रभावकारी कानून आवश्यक भएको छ । २०६० सालमा स्थापित राष्ट्रिय सहकारी बैंकले पनि आफ्नो कारोबार बढाउदै लगेकोले सहकारी क्षेत्रको वित्तीय कारोबारलाई व्यवस्थित गर्न छुट्टै सहकारी बैंक सम्बन्धी कानूनको निर्माण वा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०६३ संशोधन गरी सहकारी बैंक बारे स्पष्ट प्रावधानहरु राखिनु आवश्यक छ । खासगरी सहकारी संस्थाहरुको कारोबार सहकारीकै पद्धतिबाट संचालन हुनु पर्ने भएकोले पनि छुट्टै कानूनी व्यवस्थाको आवश्यकता परेको हो ।

### ३.१.४. सहकारी क्षेत्रको लागि आवश्यक पर्ने अनुदान, राजस्व र कर सम्बन्धी व्यवस्थाहरु सहकारी-मैत्री नहुनु

सहकारी संघ संस्थाहरुको बिकासको लागि राज्यले प्रदान गर्ने अनुदान र अवलम्बन गर्ने राजस्व तथा कर व्यवस्था अनुदार रहेको छ । हालको आयकर सम्बन्धी व्यवस्था सहकारी संस्थाको बिकासमा बाधक देखिएको छ । पूर्वाधार नपुगेका नगरपालिकाहरुमा संचालनमा रहेका वित्तीय कारोवार गर्ने सहकारी संस्थाहरुलाई गाँउ विकास समितिका सहकारीहरु सरह करमुक्त गर्ने व्यवस्था हुनुपर्नेमा अन्य विकसित नगरपालिकाहरु सरह व्यवहार गरिएको छ । महिलाहरु मात्र सहभागी भई संचालनमा ल्याइएका संस्थाहरुलाई प्रोत्साहन गर्ने गरी हालसम्म कर सम्बन्धी विशेष व्यवस्था गर्न नसक्दा त्यस्ता सहकारी संस्थाको प्रबर्द्धनमा राज्यको ध्यान नपुगेको गुनासो आएको छ । अन्य वित्तीय निकायले पाईरहेका सुबिधाबाट समेत सहकारी संस्थाहरु वंचित रहेका छन् ।

सामाजिक अर्थव्यवस्थाको रुपमा सहकारी व्यवसायलाई विश्वका धेरै देशहरुमा आयकर नलिने व्यवस्था गरेको पाइन्छ । नेपालमा सहकारी संस्थाहरुको सहकारी शिक्षा कोष, सामाजिक विकास कोष, जोखिम वहन कोषमा समेत कर लिईने कारणबाट सहकारी संस्थाहरुको संस्थागत योगदान संकुचित बन्दै गएको छ । सहकारी संस्थाहरुले निजी क्षेत्रमा रहेको लुप्त विकृतिका कारण प्रतिस्पर्धा गर्न नसकिरहेका केही क्षेत्रमा विशेष व्यवस्थाहरु गर्नुपर्ने देखिएको छ ।

प्रभावकारी अनुदान नीति र सोही बमोजिमको कार्यक्रमको अभावले गर्दा सहकारी उद्यमहरु प्रबर्द्धन नहुनुका साथै सहकारी उद्योगलाई छुट्टयाईएको अनुदान रकम समेत उपयोग हुन सकिरहेको छैन । उपभोक्ता सहकारी पसल सम्बन्धी अनुदान समेत व्यवस्थित गर्नु पर्ने देखिन्छ ।

### ३.१.५. सहकारी प्रशिक्षण र तालिम नीति नहुनु

अन्तर्राष्ट्रिय सहकारी महासंघ (ICA) ले प्रतिपादन गरेको सहकारीका ७ वटा सिद्धान्तहरु मध्ये सहकारी शिक्षा, तालीम र सूचना पनि एक हो । सहकारीमा आवद्ध सदस्यहरुका लागि सहकारी शिक्षा, तालीम र सूचना अनिवार्य शर्त हो । कतिपय सहकारी संघ संस्थाहरुमा देखिएका विकृति विसङ्गतीहरु सहकारी शिक्षा र तालिमको अभावमा भएको अनुमान गर्न सकिन्छ । सहकारीलाई आ-आफ्नै ढंगले बुझ्ने र त्यसको व्याख्या र प्रयोग गर्ने प्रवृत्ति बढ्दै गएको छ । सहकारी शिक्षा, जनचेतना र तालिमको अभावमा सहकारी संस्थाहरुको व्यवस्थापनमा त्रुटी रहन गई सहकारिता प्रबर्द्धन गर्न कठिन भईरहेको छ । औपचारिक सहकारी शिक्षाको अभावमा सहकारी संस्थाको विकासमा ठूलो बाधा पुगेको र रोजगारीको नयां अवसर पनि संकुचित बनेको छ ।

### ३.१.६. राष्ट्रिय सहकारी विकास वोर्डको प्रभावकारीता अपेक्षित रुपमा नबढ्नु

राष्ट्रिय सहकारी विकास बोर्ड सहकारी क्षेत्रको विकासका लागि प्रभावकारी संयन्त्र हो । यसले विशेषत सहकारी क्षेत्रमा आवश्यक पर्ने नीतिगत व्यवस्थाको लागि सरकारलाई पृष्ठपोषण गर्ने, सहकारी क्षेत्रको अध्ययन अनुसन्धान गर्ने, सहकारी क्षेत्रको समग्र विकासका लागि उच्च तहमा समन्वयको काम गर्ने र सहकारी क्षेत्रको प्रबर्द्धनात्मक भूमिका निर्वाह गर्ने गरी स्पष्ट कार्य क्षेत्र निर्धारण एवं सोही बमोजिमको अधिकार, साधन

स्रोत, जनशक्ति एवं बोर्डको दिगो संरचना जस्ता आधारभूत आवश्यकता पुरा हुने गरी विद्यमान कानूनको परिमार्जन गर्नु पर्ने देखिएको छ । सरकारमा राजनीतिक नेतृत्वको परिवर्तनसंगै बोर्डको नेतृत्व परिवर्तन गर्दा विशेषज्ञताको पक्ष कमजोर रहेकोले सुधारको खांचो देखिएको छ । बोर्डको संरचना सानो, दिगो र प्रभावकारी बनाउने पक्षमा ध्यान नजाने हो भने यसको प्रभावकारिता बढ्न सक्ने देखिदैन ।

### ३.१.७. सहकारीलाई समग्र आर्थिक क्षेत्रमा प्रबर्द्धन गर्ने खालका कानूनी व्यवस्थाहरु र सहयोगको अभाव हुनु

सहकारी संघ संस्था मार्फत पर्यटन उद्योग, विद्युत उत्पादन र वितरण, विद्यालय स्थापना र संचालन, बीमा व्यवसाय, उत्पादनमुलक उद्योग, घरेलु उद्योग र कृषि उद्योगहरु अपेक्षित रुपमा संचालन हुन सकेका छैनन् । सहकारी क्षेत्रको लगानी अन्य क्षेत्रमा आकर्षित गर्न तथा स्वरोजगारमूलक उद्योग व्यवसाय स्थापना गर्न निकायगत कानूनहरु बाधक रहेका छन् । विश्वमा सबै खाले उद्योग व्यवसाय संचालनमा सहकारी संस्था सक्रिय रहेको पाईएता पनि नेपालका सहकारी संघ संस्थाहरु यस अवसरबाट बञ्चित रहेका छन् । सहकारीतालाई महत्वपूर्ण स्थान दिने विश्वका अधिकांश विकसित देशहरुमा सरकार र सहकारीको साझेदारीमा विभिन्न खाले परियोजनाहरु संचालनमा रहेको पाइएता पनि नेपालमा यस्तो हुन सकेको छैन । ग्रामिण किसानहरुसँग ठूलो पूँजीको अभाव हुने हुँदा कृषिमा आधारित उद्योग व्यवसाय स्थापनामा अनुदान र ऋण तथा शेयर लगानी अपरिहार्य रहने विषय भारतको सहकारी उद्योग धन्दाको विकासको अध्ययनबाट छर्लङ्ग हुन्छ । राज्यले एकातर्फ उद्योग व्यवसायमा आफै संलग्न नरहने नीति लिए तापनि आशा गरे अनुसार निजीक्षेत्रको लगानी आकर्षित नहुनाले देशले ठूलो व्यापार घाटा भोग्नु परेको छ । यस विषम अवस्थामा सुधार ल्याउन सक्ने गरी सहकारी उद्योगहरुलाई प्रबर्द्धन गर्ने कामलाई अभियानकै रुपमा अघि बढाउन सकिएको छैन ।

## ३.२. प्रकृयागत समस्याहरु :

### ३.२.१. सरकार-सहकारी साझेदारी कार्यक्रम संचालनमा समस्या

जनताको बढ्दो आकांक्षा र आवश्यकता परिपूर्ति गर्न राज्यले सार्वजनिक निजी साझेदारीको अबधारणा प्रयोगमा ल्याउने प्रयास गरेता पनि उक्त प्रयासलाई पर्याप्त मान्न सकिने अवस्था

छैन । खासगरी कृषि बजार केन्द्रहरु र कृषि तथा पशुपालन फार्महरुको निर्माण तथा संचालन प्रकृयामा सहकारी संघ/संस्थाहरुसंग साझेदारी गर्न सकिएको छैन । त्यसैगरी सरकारबाट ऋण लगानी गरी वा अनुदान दिएर कृषि उद्योग र कृषि तथा पशु उपज भण्डारण तथा प्रशोधन जस्ता क्षेत्रमा कृषकहरुको व्यावसायिक क्षमता बृद्धि गरी राष्ट्रिय उत्पादन बढाउने र खाद्य सुरक्षामा टेवा पुग्ने गरी यथेष्ट कार्यक्रमहरु संचालन हुन सकेका छैनन् । सरकारले सहकारीमा आबद्ध किसानहरुको उत्पादनलाई उपभोगको तहसम्म बजारीकरणको पहुंच दिन शहर केन्द्रहरुमा जग्गा उपलब्ध गराएर सहकारी कृषि बजारको स्थापना गर्न नसकेको कारणबाट कृषकहरुले उचित मूल्य प्राप्त गर्ने साथै उपभोक्ताहरुले प्रतिस्पर्धात्मक मूल्यमा सामान उपभोग गर्न सक्ने अवस्थाको श्रृजना हुन सकेको छैन ।

### ३.२.२. पुराना साझा संस्थाहरुलाई सहकारीकरण गर्न नसकिनु

साझा ऐन, २०४१ अर्न्तगत स्थापना र संचालनमा रहेका पुराना साझा संस्थाहरु सहकारी ऐन, २०४८ को कार्यान्वयन पश्चात हालसम्म पनि पुरानै ढांचामा संचालनमा रहिरहेका छन् । कतिपय साझा संस्थाहरुको संचालकमा अहिले पनि सरकारी निकायको नेतृत्व र प्रतिनिधित्व रहेको छ । यस्तो व्यवस्थाले सहकारी ऐन, २०४८ को प्रावधानसंग तादात्म्यता राख्दैन र हाल साझा संस्था ऐन पनि प्रचलनमा रहेको छैन ।  पुराना साझा संस्थाहरुमा सरकारको सार्वजनिक निकाय सरहको सुविधा खोजी रहने प्रवृति देखिएको छ । यसले सरकारको आर्थिक दायित्व समेत बढिरहेको छ । पुराना साझा संस्थाहरु पूर्ण सहकारीकरण हुन नसक्दा यी संस्थाहरुको अवस्था दिन प्रतिदिन बिग्रदै गएको छ । सरकारको संलग्नताले यस्ता संस्थाहरुलाई प्रभावकारी बनाउन खासै योगदान पुऱ्याएको देखिदैन । अर्को तर्फ सहकारी मूल्य, मान्यता र सिद्धान्त एवं प्रचलित सहकारी ऐन नियमको पालना समेत प्रभावकारी रुपमा हुन सकेको छैन ।

कृषि विकास वैंकबाट ऋण लिई कृषकलाई सेवा दिने पुराना साझा संस्थाहरु सो वैंकको ऋण तिर्न नसकी लिलामी र निस्क्रियताको अवस्थामा रहेका छन् । कृषि विकास वैंकबाट लिएको ऋण लामो समय देखि अपलेखन कार्य नहुंदा सांवा व्याजको बोझ कृषकहरुलाई बढ्दै गएको छ । केही किसानहरुले रकम बुझ्ने कर्मचारी वा पदाधिकारी वा कार्यालय फेला पार्न नसकी सांवा ब्याजको चपेटामा परेको अवस्था पनि छ । उठेका रकम कलम प्रशासनिक कार्यमा खर्च लेख्ने वा अपचलन गर्ने घटनाहरु पनि यदाकदा देखिएको छ ।

सामान्यतया कृषकहरुले साझा संस्थाहरुबाट लिएको ऋण रकमको आकार ज्यादै सानो भएता पनि व्याजका कारण करिव १ अर्व भन्दा बढीको आकारमा कृषि विकास बैंकको ऋण साझा संस्थाहरुको नाममा कायमै छ । यो दायित्व निर्वाहमा कुनै व्यक्ति विशेषले चासो लिने अवस्था नरहेको साथै बहुसंख्यक साझा संस्थाहरुको अभिलेख समेत नभेटिई संस्थालाई पुन व्यूताउन नसकिएको अवस्था छ । कतिपय संरचनाहरु विद्यालयले प्रयोग गरेका छन् भने कतिपय सुरक्षा निकायको प्रयोगमा छन् । केही साझा संस्थाहरु दायित्व फछ्र्यौट भई राम्रो अवस्थामा संचालनमा रहेका पनि छन् । साझा संस्थाहरुको सम्पत्ति लिलाम सकार नभई कृषि विकास बैंकको नाममा लगिएको अवस्थामा स्थानीय सहकारी संस्थाहरुले बैंकको दायित्व फछ्र्यौट गरी जग्गा संरचना फिर्ता लिई संस्थालाई पुनर्जीवन दिन चाहन्छन् । यस्ता विविध खालका समस्या र संभावनाबाट साझा संस्थाहरु ग्रसित रहेका छन् ।

### ३.२.३. बचत तथा ऋणको वित्तीय कारोवार गर्ने सहकारी संस्थाहरुको सघन अनुगमन हुन नसक्नु

बचत तथा ऋणको कारोवार गर्ने सहकारी संस्थाहरुको वित्तीय कारोवारको आकार बृद्धि भएको छ । सहकारी संस्थाहरुमा रहेको निक्षेप र लगानीको सुरक्षा, संस्थाहरुले वहन गर्नु पर्ने देशको वित्तीय/मौद्रिक नीति र प्रचलित कानूनहरु र अन्तराष्ट्रिय रुपमा स्थापित वित्तीय सहकारी संस्थाहरुले पालना गर्ने मापदण्डको अभ्यास गर्न गराउन राज्यको अनुगमन/नियमन गर्ने संरचनागत व्यवस्था साथै कानूनी प्राबधानहरु कमजोर रहेको कारणबाट ठूलो दुर्घटना निम्तने खतरा रहेको छ । यस्तो कमजोर पूर्वाधारका कारण सहकारीका नाममा कतिपय संस्थाहरुमा व्यक्तिगत व्यापार गर्ने प्रवृति बढ्दै जानुका साथै सर्बसाधारणको पसिनाको कमाई जोखिममा रहेको कुरा बेलाबेलामा घटेका घटनाबाट पुष्टि भएको छ । नेपाल राष्ट्र बैंकका कर्मचारीको सहयोगमा केही सहकारी संस्थाहरुको सहकारी विभागबाट गरिएको सघन अनुगमनबाट वित्तीय कारोवार गर्ने सहकारी संस्थाहरुका समस्याहरु पहिचान भएका छन् । यस्ता समस्याहरु निराकरणका लागि सहकारी संस्थाहरुको प्रभावकारी अनुगमन गर्न वर्तमान ऐन र मापदण्डहरु प्रर्याप्त छैनन् । विद्यमान कानूनको परिधि भित्र रहि निजामति कर्मचारीको नियमित संरचना भित्र व्यावसायिक जनशक्ति आपूर्ति गर्न नसकिने अवस्था चुनौतीको रुपमा रहेको छ । अर्को तर्फ ३७ वटा जिल्लामा सहकारी कार्यालयहरु नहुनु र सहकारी कार्यालयहरुमा कर्मचारी टिकाउन र

रिक्त पद पूर्ति गर्न नसक्नु झनै जटिल समस्या बनेको छ । सहकारी संस्थाहरुको संख्याको तुलनामा कतिपय जिल्लाहरुमा कर्मचारी संख्या नबढाई सामान्य अनुगमन गर्न समेत नसकिने अवस्था रहेको छ ।

### ३.२.४. सहकारी जनचेतना सम्वन्धी सूचना सामाग्री निर्माण, प्रकाशन तथा प्रशारण न्यून हुनु

ब्रोसर्स, पत्र पत्रिका र रेडियो एवं टेलिभिजन कार्यक्रम मार्फत संघ संस्था र यसका सदस्यहरुलाई सहकारी सम्बन्धी सूचना र शिक्षा दिने कामहरु सिमित मात्रामा मात्र भई सहकारी सम्बन्धी जनचेतना लक्षित समूदायसम्म व्यापक रुपमा पुऱ्याउन सकिएको छैन । यसबाट सर्वसाधारणमा सहकारीको अभ्यासमा अन्यौलता र सहकारी क्षेत्रको विकासमा अवरोध पुगेको छ । स्थानीय तहमा संचालनमा रहेका रेडियो, पत्रपत्रिका र टेलिभिजनहरुको प्रयोगबाट सहकारी कार्यक्रमहरु प्रशारण र प्रकाशन गर्न नसकिदा सहकारी सम्बन्धी चेतनालाई व्यापकता दिन सकिएको छैन । सूचना संप्रेशणमा सहकारी संघ/संस्थाहरुको सहभागिताको क्रम शुरु भएको पाइएता पनि यसलाई व्यापकता दिन सरकार-सहकारी साझेदारी कार्यक्रमहरु संचालन हुन सकिरहेका छैनन् ।

### ३.२.५. औपचारिक सहकारी शिक्षा दिने व्यवस्था नहुनु

माध्यमिक, उच्च माध्यमिक एवं विश्व विद्यालय मार्फत सहकारीको औपचारिक शिक्षाको अभावमा सहकारीको अवधारणालाई व्यवहारमा उतार्न कठिनाई भएको छ । सहकारी शिक्षाको अभावले गर्दा नेपालमा स्वरोजगारको वातावरण एवं रोजगारीको क्षेत्रहरु संकुचित बन्न पुगेका छन् । औपचारिक सहकारी शिक्षाको अभावमा विश्वका अन्य कतिपय मुलुकहरुमा जस्तो सहकारी मार्फत सामुहिक व्यवसाय र उद्यमशीलताको विकास गरी देशको अर्थतन्त्रमा उल्लेख्य योगदान पुऱ्याउन सकिएको छैन ।

## ३.३. संस्थागत समस्याहरु :

### ३.३.१.सहकारी क्षेत्रको विकाशलाई उपयुक्त गति दिन प्रभावकारी संयन्त्रको अभाव

देशको अर्थतन्त्रको एउटा प्रभावकारी अंग मानिएको सहकारी क्षेत्रको निरन्तर प्रगति समिक्षा गरी यसमा देखिएका समस्याहरु संबोधन गर्न नेपाल सरकारका सम्बद्ध निकायहरुलाई

तत्काल सुझाव दिने प्रभावकारी संयन्त्र नहुंदा सरकारी निकायहरुको प्राथमिकतामा सहकारी क्षेत्र पर्न सकेको छैन । यसले गर्दा संबिधानको व्यवस्था र देशले सहकारीको क्षेत्रबाट प्राप्त गर्ने आर्थिक विकासको अवसरमा प्रतिकूल असर पुगेको छ ।

### ३.३.२. सहकारी विभागको संरचना र क्षमता अभिवृद्धि गर्न नसकिनु

सहकारी संघ संस्थाको संख्याको तुलनामा सहकारी विभाग र अर्न्तगतको कार्यालयको दरवन्दी अत्यन्त न्यून भई सकेको छ भने सहकारी कार्यालयहरु केवल ३८ जिल्लामा मात्र सिमित रहेको अवस्था छ । ७५ वटै जिल्लामा सहकारी कार्यालयहरु विस्तार नभएको कारणबाट सहकारी संघ संस्थाहरुको व्यवस्थापन, अनुगमन र विस्तार गर्न कठिनाई भएको छ । सहकारी कार्यालय नभएका जिल्लामा हाल कृषि विकास कार्यालयलाई परिचालन गरिएकोमा सहकारी दर्ता र नियमन कार्य व्यवस्थित हुन सकेको छैन । यसका साथै सहकारी प्रशिक्षण केन्द्रहरुमा समेत दक्ष प्रशिक्षकहरुको अभाव छ ।

### ३.३.३. सहकारी अध्ययन तथा प्रशिक्षण प्रतिष्ठानको स्थापना र विद्यमान प्रशिक्षण केन्द्रहरुको सुदृढीकरण हुन नसक्नु

विभिन्न अध्ययन प्रतिवेदनहरुले सहकारी सम्वन्धी अध्ययन तथा प्रशिक्षण प्रदान गर्न एक सहकारी अध्ययन तथा प्रशिक्षण प्रतिष्ठानको स्थापना गर्न सुझावहरु दिएका छन् । तर हालसम्म यस्तो प्रतिष्ठानको स्थापना हुन सकेको छैन । स्वतन्त्र र सवल सहकारी अध्ययन तथा प्रशिक्षण प्रतिष्ठानको अभावमा सहकारी क्षेत्रमा उत्कृष्ट जनशक्ति उत्पादन गर्न सकिएको छैन । प्रतिष्ठानको अभावमा अन्य देशका प्रशिक्षार्थी समेतलाई सहभागी गराई एक अर्काका सहकारी क्षेत्रका अनुभव साटासाट गर्ने र सहकार्यका आधारमा सहकारी क्षेत्रको विकास गर्ने अवसर समेत गुमिरहेको छ । वि.स. २०६०/२०६१ को वजेट वक्तव्यले प्रतिष्ठान निर्माणको घोषण गरे पनि कार्यान्वयनमा आउन सकेन । क्षेत्रीय स्तरमा संचालन गरिने सहकारी तालीम दक्ष श्रोत ब्यक्ति र उपयुक्त भौतिक पूर्वाधारको अभावमा प्रभावकारी वन्न सकेको छैन । सहकारी संस्थाहरुको विस्तार र सहकारीमा आबद्ध **करिव** २ लाख पदाधिकारी तथा कर्मचारीहरुलाई धान्ने क्षमताको तालीम केन्द्रको अभावमा प्रशिक्षण कार्यलाई प्रभावकारी बनाउन सकिएको छैन ।

### ३.३.४. विभिन्न स्तरका सहकारी संघहरुको को संस्थागत क्षमता सुदृढ गर्न नसकिनु

सहकारीका संघहरु सहकारी अभियानको आधरस्तम्भहरु हुन । यिनीहरुको संस्थागत क्षमता कमजोर भएबाट सहकारी अभियानले अपेक्षित गति लिन सकेको छैन । महिला, सीमान्तकृत समुदाय, पिछडिएको वर्ग र क्षेत्रका जनतालाई सहकारीमा गोलवद्ध गर्ने र त्यस्ता समुदायको आर्थिक, सामाजिक, र सांस्कृतिक विकास गर्ने प्रमुख दायित्व पनि संघहरुकै हो । हालसम्म कुनै **केन्द्रीय सहकारी** संघको आफ्नो कार्यालय भवन छैन । बहुसंख्यक जिल्ला सहकारी संघ र विषयगत संघहरुको आफ्नो कार्यालय सम्म छैन । कतिपय सहकारी संघहरुका पदाधिकारीहरु सहकारी संबन्धी सूचना, शिक्षा, र तालिमबाट समेत बंचित रहेका छन् । यस्तो अवस्थामा संघहरुको भूमिका प्रभावकारी नहुनु स्वभाविक छ । अर्को तर्फ राष्ट्रिय सहकारी संघ, राष्ट्रिय सहकारी विकास वोर्ड र सहकारी विभागका वीच प्रभावकारी समन्वयको अभाव छ भने अन्य केन्द्रीय सहकारी संघहरु तथा जिल्ला स्तरीय संघहरुको भूमिका पनि स्पष्ट हुन सकेको छैन ।

### ३.३.५. सहकारी विकास बैंकको तरल पुँजीगत अवस्था

राष्ट्रिय सहकारी बैंकले नेपाल राष्ट्र बैंकबाट “घ” बर्गको वित्तीय संस्थाको रुपमा बैंकिङ कारोवार गर्ने अनुमति प्राप्त गरेको छ । बैंकमा ६४ जिल्लाका ३१०० भन्दा बढी सहकारी संस्थाहरु शेयर सदस्यको रुपमा आवद्ध छन् । हाल बैंकले २२ वटा शाखा उपशाखाहरुबाट आफ्नो सेवा विस्तार गरेको छ । बैंकको अधिकृत पूंजी रु. ६४ करोड, जारी पूंजी रु. ३२ करोड र चुक्ता पूंजी रु. १९ करोड रहेको छ । निक्षेप रु १ अर्व र लगानी रु. ८० करोड रहेको छ । नेपाल राष्ट्र बैंकको शर्त अनुसार आ. व. २०७०/०७१ भित्र रु. ६४ करोड चुक्ता पूंजी पुऱ्याउनु पर्ने हुन्छ । सरकारले केही वर्षमा फिर्ता लिने गरी पूंजी बृद्धिमा सहयोग नपुऱ्याएको खण्डमा नेपाल राष्ट्र बैंकको शर्त पुरा गर्न सक्ने अवस्था देखिदैन । साथै बैंकको आफ्नै सुविधा सम्पन्न भवन नभएको कारणबाट विभिन्न समस्याहरु समेत भोग्नु परिरहेको छ । यसरी पुँजीको अभावमा सहकारी क्षेत्रको एक मात्र बैंकले सहकारी संस्थाहरुको माग अनुसारका लगानी गर्न तथा नेपाल राष्ट्र बैंकको पूँजी सम्बन्धी शर्त पुरा गर्न नसकिरहेको अवस्थामा छ ।

### ३.३.६. समग्र सहकारी क्षेत्रको विकासका लागि विशिष्टकृत छुट्टै केन्द्रीय संगठन नहुनु

विश्वका केही विकसित मूलुकहरु तथा एसियाली देशहरुमा सहकारी क्षेत्र हेर्ने गरी छुट्टै स्वायत्त निकाय वा सहकारी मन्त्रालयको व्यवस्था गरेको पाइन्छ। तर नेपालमा सहकारीलाई कृषि तथा सहकारी मन्त्रालय अन्तरगत राखिएको छ। मन्त्रालयमा सहकारी क्षेत्र हेर्ने गरी सहकारी महाशाखासम्म पनि व्यवस्था हुन सकेको छैन। यसले गर्दा सहकारी क्षेत्रमा विद्यमान समस्याहरु मन्त्रालयको प्राथमिकतामा पर्न नसकी सहकारी क्षेत्रको विकासमा प्रभावकारीता ल्याउन सकिएको छैन।

# भाग ४: सुझाव र सिफारिश

यस खण्डमा भाग ३ मा विश्लेषण गरिएका समस्याहरुलाई समाधान गर्नका लागि अल्पकालिन र दिर्घकालिन रुपमा चालिनु पर्ने कदमहरु सुझावको रुपमा प्रस्ताव गरिएको छ ।

## अल्पकालिन

1. सहकारी क्षेत्रको उपयुक्त ढंगले विकास गरी संबिधानको भावना र राष्ट्रको समग्र आर्थिक विकासमा आवश्यकता अनुसार सहकारी क्षेत्रको प्रबर्द्धन गर्न राष्ट्रिय सहकारी नीति र दीर्घकालीन सहकारी विकाश योजना तर्जुमा गर्ने ।

2. विद्यमान सहकारी ऐन तथा नियममा समय सापेक्ष परिमार्जन गर्ने वा नयाँ ऐन नियम तर्जुमा गरी दर्ता, अनुगमन, संचालन र नियमनलाई प्रभावकारी बनाउनुका साथै सहकारी संघहरुको भूमिका प्रभावकारी बनाउने ।

3. ग्रामिण तथा पिछडिएका क्षेत्र र समुदायमा कार्यरत सहकारीहरुका लागि कर छुट दिने व्यवस्था गर्नुका साथै शहरी क्षेत्र तथा शहरउन्मुख ग्रामिण क्षेत्रमा कार्यरत सहकारीहरुलाई सहुलियत युक्त कर नीति अवलम्बन गर्ने ।

4. सहकारी क्षेत्रमा उद्योग व्यवसाय प्रबर्द्धन गर्न निकायगत कानूनहरुमा सुधार गरी सहकारी उद्योगहरुलाई अनुदान सहयोग उपलब्ध गराउने व्यवस्था गर्ने ।

5. सहकारीको माध्यमबाट देशको पिछडिएको क्षेत्र र समुदायमा सहकारी संस्था दर्ता, संचालन, सीप मुलक तालिम र बिउ पूँजी उपलब्ध गराउने गरी लक्षित कार्यक्रमहरु संचालन गर्ने ।

6. सहकारी क्षेत्रको विकास गर्न छिमेकी मुलुक तथा सहकारीको माध्यमबाट विकसित अन्य मुलुकहरुको तुलनात्मक अध्ययन गर्ने र समय सापेक्ष विकासका लागि निरन्तर सुधार प्रक्रिया संचालन गर्ने ।

7. बचत तथा ऋणको कारोवार गर्ने सहकारी संस्थाहरुमा अनुगमनको कार्य प्रभावकारी वनाउदै लैजान हाल प्रयोगमा ल्याइएको सहकारी विभागको अनुगमन प्रणालीलाई केही समय निरन्तरता दिने । यस कार्यमा नेपाल राष्ट्र बैंकले उपलब्ध गराउदै

आएको दक्ष कर्मचारीको सेबा र अर्थ मन्त्रालयले उपलब्ध गराउदै आएको आर्थिक सहयोगलाई निरन्तरता दिने । स्थायी रुपमा अनुगमनको कार्यलाई व्यवस्थित गर्न सहकारी विभागलाई करार सेवा अन्तर्गत विशेषज्ञहरु नियुक्त गरी काम लगाउन सक्ने व्यवस्था गर्ने । सहकारी संघ संस्थाहरुको अनुगमनमा विषयगत संघ एवं राष्ट्रिय सहकारी संघलाई समेत अधिकार सम्पन्न बनाउने र विभाग वा अर्न्तगतका निकायबाट हुने अनुगमनमा सहभागी गराउने ।

8. सहकारी क्षेत्रको विकासमा नियमित प्रगति अनुगमन गरी संबन्धित निकायलाई उपयुक्त निर्देशन दिन र नेपाल सरकारका कार्यकारी प्रमुखलाई समय समयमा नीतिगत पृष्ठपोषणका लागि सहकारी क्षेत्र हेर्ने माननीय मन्त्रीको अध्यक्षतामा स्थायी प्रकृतिको उच्चस्तरीय सहकारी क्षेत्र समस्या समाधान समिति बनाउने ।

9. सहकारी जनचेतना सम्बन्धी सूचना सामाग्री निर्माण, प्रकाशन तथा प्रसारणको स्तर बृद्धि गर्न प्रर्याप्त वजेट विनियोजन गर्ने ।

10. सरकार-सहकारी साझेदारी कार्यक्रम संचालनमा सरकारका सबै केन्द्रिय र स्थानिय निकायले सकारात्मक र अर्थपूर्ण ढंगले पहल गर्ने । स्थानियस्तरमा संगठित र संचालनमा रहेका सहकारी संघ संस्थाहरुलाई क्षमता अभिवृद्धि गर्ने कार्यक्रममा स्थानिय निकायहरुको श्रोतबाट सहयोग पुर्‍याउने ।

11. सहकारी संघ संस्थाहरु मार्फत संचालन गरिने ठूला, मझौला र साना उद्योगहरु स्थापना गर्न वा क्षमता अभिबृद्धि गर्न आयात गरिने वा स्वदेशमै खरिद गरिने मेशीनरीको मूल्यमा सरकारले कम्तिमा ५० प्रतिशत अनुदान उपलब्ध गराउने ।

12. दुग्ध, माछा, मासु, मह, कफी, चिया, जुनार, उखु जस्ता कृषि तथा पशु उत्पादनको मूल्य अभिबृद्धिका लागि संबन्धित सहकारी संघ वा सहकारी संस्थाहरुको समूह परिचालन गरी कृषि तथा सहकारी मन्त्रालयले विशेष कार्यक्रमहरु संचालन गर्ने ।

## दिर्घकालिन

13. सहकारी संघ संस्थाले गर्ने वचत तथा ऋणको कारोवार, संघ संस्थाले गर्ने लगानी, लगानीको सुरक्षा र सदस्यहरुको हित प्रवर्द्धन आदि विषय र अर्थतन्त्रमा पर्ने यसको

प्रभाव आदिलाई मध्यनजर गर्दै छुट्टै सहकारी वचत तथा ऋण ऐन तर्जुमा गरी लागू गर्ने ।

14. सहकारी क्षेत्रको केन्द्रीय बैंकको रुपमा रहेको राष्ट्रिय सहकारी बैंकको विकास र व्यवस्थापन गर्न छुट्टै सहकारी बैंक ऐन तर्जुमा गर्ने वा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०६३ मा संशोधन गरी सहकारी बैंकको लागि छुट्टै प्रावधानहरु राख्ने ।

15. राष्ट्रिय सहकारी विकास वोर्ड ऐन, २०४९ मा सुधार गरी बोर्डलाई सहकारी क्षेत्रको Think Tank को रुपमा विकासित गर्ने । खास गरी नीतिगत पृष्ठपोषण, अध्ययन अनुसन्धान, सहकारी क्षेत्रको प्रबर्द्धन र सहकारी क्षेत्रको समस्याहरु निराकरणमा प्रभावकारी समन्वयात्मक भूमिका निर्वाह गर्न सक्ने किसिमको संरचनात्मक सुधार तथा आवश्यक साधन श्रोत विनियोजन गरी प्रभावकारी बनाउनु पर्ने ।

16. सहकारी क्षेत्रको प्रबर्द्धन सम्बन्धी विविध विषयलाई मध्य नजर गरी छुट्टै सहकारी मन्त्रालयको स्थापना गर्ने । सहकारी मन्त्रालय गठन पश्चात पनि कृषि मन्त्रालय अन्तर्गत सहकारी महाशाखाको स्थापना गरी कृषिका कार्यक्रमहरु कृषिसँग सम्बन्धित सहकारी संघ संस्थाहरु सँग आबद्ध गर्ने ।

17. सार्वजनिक वितरण प्रणालीको प्रभावकारिता र पहुंचका लागि सहकारी पसलहरु प्रभावकारी माध्यम हुने हुँदा करिव ४०० वटा पसललाई अनुदान दिन वाँकी रहेकोले उक्त कार्यलाई पुरा गरी सहकारी पसलहरुलाई व्यवस्थित रुपमा संचालन गर्न जिल्ला उपभोक्ता सहकारी संघ वा जिल्ला सहकारी संघ मार्फत दैनिक उपभोगका अत्यावश्यक वस्तुहरु सुपथ मुल्यमा सहज रुपमा आपूर्ति गर्ने व्यवस्था मिलाउने । संचालनमा आएका पसलहरुलाई थप उर्जा प्रदान गर्न निर्वाचन क्षेत्रव्यापी सहकारी थोक पसलहरुको स्थापना र वितरण प्रणालीलाई प्रभावकारी वनाउन सहकारी संस्था र स्थानीय निकाय बिच समन्वय गरी रासन कार्ड समेत उपलब्ध गराई सुपथ मुल्यका सहकारी पसल मार्फत बिक्री वितरण गर्ने व्यवस्था मिलाउने । अनुदान र वितरण प्रणालीलाई प्रभावकारी वनाउन स्थानीय तहमा समेत अधिकार सम्पन्न अनुगमन संयन्त्र वनाउने ।

18. सहकारी जनचेतनामूलक सूचना प्रवाह गर्न र सहकारी क्षेत्रको योगदानको चित्रणलाई यथार्थ परक ढंगले सम्पेषण गर्न सूचना प्रबिधिको उपयोग गरी व्यवस्थित गर्ने । यस कार्यका लागि राष्ट्रिय सहकारी संघ अन्तर्गत केन्द्रीयस्तरको सहकारी सूचना केन्द्रको व्यवस्था मिलाउने । जिल्ला तहमा समेत जिल्ला सहकारी संघको व्यवस्थापनमा स्थानिय सहकारी सूचना केन्द्रको स्थापना गर्ने । सूचना केन्द्रहरुको निर्माण र संचालन तथा सूचना सम्पेषणको कार्यमा नेपाल सरकार, स्थानिय निकाय र गैर सरकारी संस्था एवं दाताहरुको सहयोग उपलब्ध हुने व्यवस्था मिलाउने ।

19. सहकारी विभाग, प्रशिक्षण केन्द्रहरु र सहकारी कार्यालयहरुको क्षमता बढाउन तत्कालै संगठन र व्यवस्थापन सर्वेक्षण गराई सोही अनुरुप संगठन संरचनामा परिवर्तन गर्ने साथै सहकारी कार्यालय नभएका ३७ जिल्लामा  सहकारी कार्यालयहरु स्थापना गर्ने ।

20. सहकारी कार्यलयहरुमा दरबन्दी परिपूर्ति हुन नसक्नु र आउने कर्मचारीहरु पनि छोटो समयमै अन्य निकायमा सरुवा भई जाने प्रबृत्ति अत्यधिक रहने गरेकोले यसको समाधान गर्न सेवा विशिष्टीकरण गरी प्रशासन सेवा अन्तर्गत सहकारी समूहको व्यवस्था गर्ने ।

21. केन्द्रमा रहेका साझा संस्थाहरुलाई पूर्ण सहकारीकरण गर्ने र ग्रामिण क्षेत्रमा रहेका साझा संस्थाहरुको ऋणलाई मिनाहा गरी नयाँ ढंगले संचालनमा ल्याउने ।

22. काठमाडौमा रहेको सहकारी प्रशिक्षण केन्द्रलाई अन्तर्राष्ट्रिय स्तरको सहकारी अध्ययन तथा प्रशिक्षण प्रतिष्ठानमा रुपान्तरण गरी संचालन गर्ने व्यवस्था गर्ने । यस प्रतिष्ठानको स्वरुप, संचालन विधि, आवश्यक पर्ने कानून र साधन श्रोत जस्ता विषयमा विस्तृत अध्ययन गरी प्राप्त नतिजा अनुरुप कार्यान्वयन गर्ने ।

23. पाँच विकास क्षेत्रमा रहेका प्रशिक्षण केन्द्रहरुलाई सुदृढीकरण गर्न आवश्यक पर्ने भौतिक पूर्वाधार प्रशिक्षण भवन तथा प्रशिक्षार्थी आवास भवन (महिला र पुरुषका लागि छुट्टा छुट्टै) निर्माण गरी प्रशिक्षण केन्द्रहरुलाई व्यवस्थित गर्ने । यसका साथै आवश्यक प्रशिक्षण सामाग्रीहरु सहित पुस्तकालयको व्यवस्था गरी गुणस्तरीय प्रशिक्षण कार्यक्रम संचालन गर्ने व्यवस्था मिलाउने । प्रशिक्षकहरुलाई स्वदेशी तथा वैदेशिक तालिम प्रदान गरी प्रशिक्षहरुको क्षमता विकास गर्ने ।

२४. माध्यमिक, उच्च माध्यमिक विद्यालय एवं विश्वविद्यालयहरु मार्फत सहकारीको औपचारिक शिक्षा प्रदान गर्न आवश्यक पाठ्यक्रमको निर्माण तथा परिमार्जन गरी शैक्षिक संस्थाहरुबाट औपचारिक सहकारी शिक्षा दिने व्यवस्था मिलाउने । सहकारी संघ/संस्थाहरुले शैक्षिक संस्थाहरु खोली संचालन गर्न चाहेमा सहकारीकै रुपमा संचालन गर्न पाउने व्यवस्था गर्ने ।

२५. पर्यटन उद्योग, विद्युत उत्पादन र वितरण, विद्यालय स्थापना र संचालन , बीमा व्यवसाय, उत्पादनमूलक घरेलु र कृषिमा आधारित उद्योगलाई सहकारी मार्फत संचालन गर्न पाउने गरी सम्बन्धित कानूनमा संशोधन गर्ने ।

२६. सहकारी क्षेत्रमा वैदेशिक सहायता उपयोगका लागि विद्यमान बैदेशिक सहायता नीतिमा सहकारी क्षेत्र समावेश गर्ने । उक्त नीतिमा बैदेशिक सहायता परिचालनका सहकारीका क्षेत्रहरु निर्दिष्ट गर्ने ।

२७. राष्ट्रिय सहकारी संघ तथा विषयगत केन्द्रीय संघहरुको क्षमता विस्तार गर्न भौतिक पूर्वाधार निर्माण र संचालनमा अनुदान सहयोग उपलब्ध गराउने ।

२८. जिल्लामा पनि जिल्ला सहकारी संघ विषयगत जिल्ला संघहरुलाई कार्यालय संचालनको आधारभूत सुविधामा सहयोग पु¥याउने नीति लिने । यस्तो सहयोग जिल्ला विकास समिति मार्फत उपलब्ध गराउने ।

२९. राष्ट्रिय सहकारी बैंक मार्फत सहकारी संस्थाहरुलाई आवश्यक पूंजी परिपूर्ति गर्न सहुलियत ब्याजदरमा बैंक तथा वित्तिय संस्थाहरुबाट थोक कर्जा उपलब्ध गराउने व्यवस्था मिलाउने । प्राथमिकता प्राप्त कर्जा कार्यक्रमहरु संचालनमा सहकारी बैंक र सहकारी संस्थाहरुको उपयोग गर्ने नीति लिने ।

३०. सहकारी संघ संस्था मार्फत उत्पादित वस्तु र सेवा सहकारी मार्फत बजारीकरण गरी उत्पादक कृषकहरुलाई उचित मूल्य दिलाउन र आम उपभोक्तहरुलाई प्रतिस्पर्धात्मक मूल्यमा खाद्य सामाग्रीहरु उपलब्ध गराउन काठमाडौं उपत्यकामा कम्तिमा एउटा केन्द्रीय सहकारी बजार, निर्माण गर्न र जिल्ला भित्रका मुख्य बजार वा नाकाहरुमा सहकारी बजार केन्द्रहरु निमार्ण गर्न कार्यक्रमहरु संचालन गर्ने । हाल सरकारले निमार्ण गरी संचालनमा ल्याएका बजार केन्द्रहरुको उचित व्यवस्थापनका लागि

सम्वन्धित विषयका सहकारी संघ वा सहकारी संस्थाका समूहलाई व्यवस्थापन जिम्मा दिने व्यवस्था गर्ने ।

31. प्रत्येक अंचलको उपयुक्त नाकाहरुमा १-१ वटा ठूलो क्षमताको शीत भण्डार सहकारी संघ वा संस्थाहरुको समूह मार्फत निर्माण र संचालन हुने गरी सरकारले आयोजना लागतको ४० प्रतिशत अनुदान सहयोग र ४० प्रतिशत सहुलियतपूर्ण ऋण सहयोग उपलब्ध गराई आगामी ५ वर्ष भित्र पूर्ण रुपमा संचालनमा ल्याउने व्यवस्था मिलाउने ।

32. सरकारी तथा नीजि क्षेत्रको विद्युत उत्पादन परियोजनामा सहकारी क्षेत्रको संरक्षित पुँजीको उपयोग र सहकारी संघ संस्थाबाट स्थापना हुने वा भएका बिद्युत उत्पादन परियोजनामा सरकारी तथा नीजि क्षेत्रको लगानी समेत प्रवर्द्धन हुने गरी नीतिगत व्यवस्था गर्ने ।

# अनुसूची-१

## सहकारी क्षेत्रको विकासका लागि नीतिगत, प्रकृयागत र संरचनागत व्यवस्था गर्न कार्यदलद्वारा गरिएको सुझावहरुको कार्यान्वयन योजना :

| सि.नं | क्रियाकलाप | जिम्मेवार निकाय | सहयोगी निकाय | कैफियत |
|---|---|---|---|---|
| १ | राष्ट्रिय सहकारी नीतिको तर्जुमा | • कृषि तथा सहकारी मन्त्रालय | • अर्थ मन्त्रालय<br>• राष्ट्रिय सहकारी संघ<br>• राष्ट्रिय सहकारी विकास बोर्ड<br>• सहकारी विभाग | |
| २ | सहकारी क्षेत्रको दीर्घकालीन योजना तर्जुमा गर्ने । | • कृषि तथा सहकारी मन्त्रालय | • राष्ट्रिय योजना आयोग<br>• रा.सहकारी विकास वोर्ड<br>• रा.सहकारी संघ<br>• सहकारी विभाग<br>• सहकारी संजाल | |

| सि.नं | क्रियाकलाप | जिम्मेवार निकाय | सहयोगी निकाय | कैफियत |
|---|---|---|---|---|
| ३ | सहकारी क्षेत्रको अनुदान, राजश्व र कर नीति | • अर्थ मन्त्रालय | • कृषि तथा सहकारी मन्त्रालय<br>• नेपाल राष्ट्र बैंक<br>• राष्ट्रिय सहकारी विकास बोड<br>• सहकारी विभाग<br>• रा.सहकारी संघ<br>• कृषि सहकारी केन्द्रीय संघ<br>• नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ | |
| ४ | सहकारी ऐन, २०४८ र नियम, २०४९ मा संशोधन | • कृषि तथा सहकारी मन्त्रालय | • अर्थ मन्त्रालय<br>• कानून मन्त्रालय<br>• राष्ट्रिय सहकारी विकास वार्ड<br>• सहकारी विभाग<br>• रा. सहकारी संघ/विषयगत सहकारी संघ | |

| सि.नं | क्रियाकलाप | जिम्मेवार निकाय | सहयोगी निकाय | कैफियत |
|---|---|---|---|---|
| ५ | सहकारी बचत तथा ऋण ऐन र सहकारी वैंक ऐनको तर्जुमा वा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०६३ मा परिमार्जन | • कृषि तथा सहकारी मन्त्रालय<br>• अर्थ मन्त्रालय<br>• नेपाल राष्ट्र बैंक | • कानून तथा न्याय मन्त्रालय<br>• राष्ट्रिय सहकारी विकास बोर्ड<br>• सहकारी विभाग<br>• राष्ट्रिय सहकारी संघ<br>• नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ<br>• राष्ट्रिय सहकारी वैंक | |
| ६ | सहकारी अध्ययन तथा प्रशिक्षण नीति | • राष्ट्रिय सहकारी संघ | • कृषि तथा सहकारी मन्त्रालय<br>• राष्ट्रिय सहकारी विकास बोर्ड<br>• सहकारी विभाग | |
| ७ | सहकारी वोर्ड ऐन, २०४९ संशोधन | • कृषि तथा सहकारी मन्त्रालय | • कानून तथा न्याय मन्त्रालय<br>• राष्ट्रिय सहकारी विकास वोर्ड<br>• सहकारी विभाग<br>• राष्ट्रिय सहकारी संघ | |
| ८ | वैदेशिक सहयोग नीति, २०६५ को परिमार्जन | • अर्थ मन्त्रालय<br>• | • राष्ट्रिय योजना आयोग<br>• कृषि तथा सहकारी मन्त्रालय<br>• राष्ट्रिय सहकारी विकास वोर्ड<br>• सहकारी विभाग<br>• रा.सहकारी संघ | |

| सि.नं | क्रियाकलाप | जिम्मेवार निकाय | सहयोगी निकाय | कैफियत |
|---|---|---|---|---|
| ९ | सहकारीको विकासका लागि सहयोगी हुने गरी निकायगत कानूनहरुको परिमार्जन । | ● पर्यटन तथा नागरिक उड्यन मन्त्रालय<br>● उर्जा मन्त्रालय<br>● सिचाई मन्त्रालय<br>● शिक्षा मन्त्रालय<br>● अर्थ मन्त्रालय<br>● उद्योग मन्त्रालय<br>● स्थानीय विकास मन्त्रालय<br>● वन मन्त्रालय<br>● भौतिक योजना तथा निर्माण मन्त्रालय<br>● स्वास्थ्य मन्त्रालय<br>● सम्बन्धित अन्य मन्त्रालयहरु | ● कानून तथा न्याय मन्त्रालय<br>● राष्ट्रिय सहकारी विकास वोर्ड<br>● सहकारी विभाग<br>● राष्ट्रिय सहकारी संघ<br>● विमा समिति<br>● सामान्य प्रशासन मन्त्रालय<br>● नेपाल राष्ट्र वैंक | विषयगत कानूनहरु संसोधन गर्नुपर्ने<br>१. पर्यटन ऐन<br>२. विद्युत विकास ऐन<br>३. शिक्षा ऐन<br>४. वीमा ऐन<br>५. औधोगिक ब्यवसाय ऐन<br>६. जलस्रोत ऐन<br>७. वन ऐन<br>८. स्वास्थ्य सेवा ऐन<br>९. स्थानीय स्वायत्त शासन ऐन<br>१०. आवास विकाश संबन्धी कानून<br>११. आर्थिक प्रशासन संबन्धी कानूनहरु<br>१२. भ्रष्टाचार निवारण ऐन<br>१३. नेपाल राष्ट्र वैंक ऐन<br>१४. वैंक तथा वित्तीय संस्था ऐन<br>(उदाहरणका लागि केही कानून उल्लेख गरिएको, संसोधन गर्नु पर्ने अन्य कानूनहरु पनि पहिचान गर्नु पर्ने) |

| सि.नं | क्रियाकलाप | जिम्मेवार निकाय | सहयोगी निकाय | कैफियत |
|---|---|---|---|---|
| १० | सरकार-सहकारी साझेदारी कार्यक्रम संचालन गर्ने । | • कृषि तथा सहकारी मन्त्रालय<br>• सरकारका सम्बन्धित अन्य केन्द्रिय र स्थानिय निकायहरु | • सहकारी विभाग<br>• कृषि विभाग<br>• पशु सेवा विभाग<br>• विषयगत केन्द्रीय संघ | • स्थापीत कृषि वजार केन्द्रहरुको ब्यवस्थापन करार/हस्तान्तरण तथा कृषि वजारको विकासका लागि सहकारी संघ/संस्थाहरुको समुहलाई सरकारले जग्गा उपलब्ध गराउने ।<br>• सरकारी निकायहरुले सहकारी सँग साझेदारी हुने कार्यक्रमहरु संचालनमा ल्याउने ।<br>• प्रत्येक जिल्ला र केन्द्रस्तरमा सहकारी बजार केन्द्रहरुको स्थापना गर्ने । |
| ११ | केन्द्रमा रहेका साझा संस्थाहरुको सहकारीकरण गर्ने | • कृषि तथा सहकारी मन्त्रालय<br>• रा.सहकारी विकास वोर्ड<br>• सहकारी विभाग<br>• सम्वन्धित साझा संस्थाहरु : साझा यातायात, साझा पसल, साझा स्वास्थ्य, साझा भण्डार, साझा प्रकाशन | | • सरकारको शेयर र प्रतिनिधित्व घटाउदै लगी सर्वसाधारणको शेयर तथा प्रतिनिधित्व बढाउदै लगि पूर्ण रुपमा सहकारीकरण गर्ने । |

| सि.नं | क्रियाकलाप | जिम्मेवार निकाय | सहयोगी निकाय | कैफियत |
|---|---|---|---|---|
| १२ | ग्रामिण तहका साझा संस्थाहरुको ऋण मिन्हा गरी पुनः संचालनमा ल्याउने व्यवस्था गर्ने । | • कृषि तथा सहकारी मन्त्रालय | • अर्थ मन्त्रालय<br>• राष्ट्रिय सहकारी विकास वोर्ड<br>• सहकारी विभाग<br>• कृषि विकास बैंक<br>• रा.सहकारी संघ | • निश्चित समयावधि तोकी कार्यदल गठन गरी विवरणहरु संकलन गरी कार्यदलको सुझाव लिई ऋण मिनाहा गरी साझा संस्थाहरु पुनः संचालनमा ल्याउने व्यवस्था मिलाउने । |
| १३ | वित्तिय कारोवार गर्ने संस्थाहरुको सघन अनुगमनलाई निरन्तरता दिने | • सहकारी विभाग | • अर्थ मन्त्रालय,<br>• नेपाल राष्ट्र वैंक | • ने.रा.वैंकको कर्मचारीको सहयोगमा सहकारी विभाग वा अर्न्तगतका कर्मचारी खटाई मोवाईल टोलीले सेम्पलिङ अनुगमन गर्ने कार्यलाई वैकल्पिक व्यवस्था नहुन्जेल निरन्तरता दिने । |
| १४ | सहकारी विभाग मार्फत ठूलो वित्तीय कारोवार गर्ने सहकारी संस्थाहरुको सघन अनुगमन गर्ने | • सहकारी विभाग | • अर्थ मन्त्रालय | • स्थायी प्रकृतिको अनुगमन व्यवस्था मिलाउन सहकारी विभागले अनुगमन कार्यका लागि Chartered Accountant गरेका कम्तिमा ६ जना जनशक्ति करारमा लिई उपयुक्त तालिम सहितका जनशक्तिबाट सघन अनुगमन गर्ने । |

| सि.नं | क्रियाकलाप | जिम्मेवार निकाय | सहयोगी निकाय | कैफियत |
|---|---|---|---|---|
| १५ | सहकारी जनचेतना सम्वन्धी सूचना सामाग्री निमार्ण, प्रकाशन तथा प्रशारणका साथै सन् २०१२ मा भव्यढंगले अन्तर्राष्ट्रिय सहकारी वर्ष मनाउने कार्यक्रमको तर्जुमा गर्ने | ● सहकारी विभाग | ● राष्ट्रिय योजना आयोग<br>● अर्थ मन्त्रालय<br>● कृषि तथा सहकारी मन्त्रालय<br>● कृषि सूचना तथा संचार केन्द्र<br>● राष्ट्रिय सहकारी संघ<br>● राष्ट्रिय सहकारी विकास बोर्ड<br>● संघहरु | |
| १६ | विश्वविद्यालय तथा माध्यमिक र उच्च माध्यमिक विद्यालयहरु मार्फत सहकारी सम्बन्धी औपचारिक शिक्षा प्रदान गर्ने । | ● शिक्षा मन्त्रालय | ● विश्वविद्यालयहरु<br>● शिक्षा विभाग<br>● पाठ्यक्रम विकास केन्द्र<br>● उच्च माध्यमिक शिक्षा परिष्द<br>● रा.सहकारी संघ | |

| सि.नं | क्रियाकलाप | जिम्मेवार निकाय | सहयोगी निकाय | कैफियत |
|---|---|---|---|---|
| १७ | उच्च स्तरीय समितिको गठन गर्ने । | • नेपाल सरकार | • अर्थ मन्त्रालय<br>• राष्ट्रिय सहकारी विकास वोर्ड | • सहकारी विकाश वोर्डका अध्यक्षको संयोजकत्वमा रा.योजना आयोगका उपाध्यक्ष, सहकारी क्षेत्र हेर्ने रा.योजना आयोगका सदस्य, अर्थ सचिव, कृषि तथा सहकारी सचिव, राष्ट्रिय सहकारी संघका अध्यक्ष, विषयगत केन्द्रीय सहकारी संघका प्रतिनिधि (२ जना), राष्ट्रिय सहकारी विकास वोर्डका सह अध्यक्ष, सहकारी विभागका रजिष्ट्रार सदस्य तथा राष्ट्रिय सहकारी विकास वोर्डका सदस्य सचिव रहने गरी स्थायी प्रकृतिको उच्च स्तरीय सहकारी क्षेत्र समस्या समाधान समितिको गठन गर्ने ।<br>• प्रत्येक ३ महिनामा वैठक वसी प्रगति समीक्षा, सहकारी वोर्डलाई सुभ्माव, सहकारी क्षेत्रमा देखिएका समस्याहरु समाधानको पहल एवं प्रधानमन्त्रीलाई सुभ्माव सिफारिश गर्ने ब्यवस्था मिलाउने । |
| १८ | सहकारी मन्त्रालयको स्थापना | • नेपाल सरकार | • सामान्य प्रशासन मन्त्रालय<br>• अर्थ मन्त्रालय | |

| सि.नं | क्रियाकलाप | जिम्मेवार निकाय | सहयोगी निकाय | कैफियत |
|---|---|---|---|---|
| १९ | सहकारी विभाग र अन्तर्गतका कार्यालयहरुको पुनर्संरचना | • कृषि तथा सहकारी मन्त्रलाय | • सामान्य प्रशासन मन्त्रालय<br>• अर्थ मन्त्रालय | |
| २० | थप ३७ जिल्लामा सहकारी कार्यालयहरु स्थापना | • कृषि तथा सहकारी मन्त्रलाय | • सामान्य प्रशासन मन्त्रालय<br>• अर्थ मन्त्रालय | |
| २१ | सहकारी अध्ययन तथा प्रशिक्षण प्रतिष्ठानको स्थापना गर्ने । | • कृषि तथा सहकारी मन्त्रालय | • अर्थ मन्त्रालय<br>• राष्ट्रिय सहकारी विकास वोर्ड<br>• सहकारी विभाग | |
| २२ | क्षेत्रिय स्तरमा रहेका ५ वटा सहकारी प्रशिक्षण केन्द्रहरुको सुदृढीकरण गर्ने । | • कृषि तथा सहकारी मन्त्रालय | • अर्थ मन्त्रालय<br>• कृषि तथा सहकारी मन्त्रालय<br>• सहकारी विभाग | • क्षमता अभिवृद्धिका लागि कार्यालय तथा छात्राबास भवनको निर्माण<br>• तालीम हलको निर्माण<br>• तालिम सामाग्रीहरुको व्यवस्था<br>• थप जनशक्तिको व्यवस्था |
| २३ | राष्ट्रिय सहकारी संघको भवन तथा विषयगत केन्द्रीय सहकारी संघहरुको लागि भवन निर्माण गर्ने | • राष्ट्रिय सहकारी संघ | • अर्थ मन्त्रालय<br>• कृषि तथा सहकारी मन्त्रालय | • सहकारी विकास वोर्ड रहेको हाताभित्र उपलब्ध गराईएको जग्गामा राष्ट्रिय सहकारी संघ र अन्य केन्द्रीय संघहरुको कार्यालय स्थापना भवन निर्माण गर्ने । |

| सि.नं | क्रियाकलाप | जिम्मेवार निकाय | सहयोगी निकाय | कैफियत |
|---|---|---|---|---|
| २४ | राष्ट्रिय सहकारी संघ, राष्ट्रिय सहकारी वैंक, केन्द्रीय सहकारी संघहरु, जिल्ला सहकारी संघ तथा विषयगत जिल्ला संधहरुको क्षमता अभिवृद्धिमा सरकारले पुऱ्याउनु पर्ने सहयोग संबन्धी नीति | ● राष्ट्रिय सहकारी संघ | ● अर्थ मन्त्रालय<br>● सहकारी संजाल | |
| २५ | पिछडिएका क्षेत्र एवं समुदाय माझ सहकारी संस्थाको प्रवर्द्धन गर्न लक्षित कार्यक्रम संचालन गर्ने । | ● कृषि तथा सहकारी मन्त्रालय | ● अर्थ मन्त्रालय<br>● रा.यो.आयोग<br>● रा.सहकारी विकाश वोर्ड<br>● सहकारी विभाग<br>● राष्ट्रिय सहकारी संघ<br>● विषयगत केन्द्रीय सहकारी संघ | ● पिछडिएको क्षेत्र र समुदायलाई सामाजिक परिचालन मार्फत सहकारीमा आवद्ध गराई स्वावलम्वी वनाउने |
| २६ | तुलनात्मक अध्ययन | ● कृषि तथा सहकारी मन्त्रालय | ● अर्थ मन्त्रालय<br>● सहकारी विभाग | छिमेकी मुलुकहरु र सहकारीको राम्रो अभ्यास गर्ने मुलुकहरुको अध्ययन |

| सि.नं | क्रियाकलाप | जिम्मेवार निकाय | सहयोगी निकाय | कैफियत |
|---|---|---|---|---|
| २७ | कर्मचारी व्यवस्थापन तथा क्षमता विकास | • सहकारी विभाग | • अर्थ मन्त्रालय<br>• सामान्य प्रशासन मन्त्रालय<br>• कृषि तथा सहकारी मन्त्रालय | • सहकारी विभाग तथा अर्न्तगतका कार्यालयहरुमा रिक्त दरवन्दीहरु परिपूर्ति तथा स्थायीत्वका लागि कर्मचारीलाई प्रोत्साहन गर्न पुरस्कृत गर्ने व्यवस्था मिलाउने ।<br>• दिर्घकालका लागि कर्मचारीमा व्यवसायीकता निर्माण गर्न नेपाल सरकारको प्रशासन सेवा अन्तर्गतत सहकारी समूह बनाउने । |
| २८ | तथ्यांक प्रशोधन तथा सूचना संप्रेशणलाई प्रभावकारी वनाउने | • सहकारी विभाग<br>• राष्ट्रिय सहकारी संघ<br>• विषयगत केन्द्रीय सहकारी संघ<br>• जिल्ला सहकारी संघ | • अर्थ मन्त्रालय<br>• कृषि तथा सहकारी मन्त्रालय<br>• स्थानिय निकाय<br>• गैर सहकारी संघ संस्थाहरु | • सहकारी विभाग र अर्न्तगतको कार्यालयहरुको सूचना प्रविधि विकासका लागि आवश्यक पर्ने उपकरण सफ्टवेर तथा तालीम सम्वन्धी व्यवस्था गरी सहकारी क्षेत्रको कारोवार सम्वन्धी तथ्याङ्क र सूचनालाई अध्यावधिक वनाउने ।<br>• राष्ट्रिय सहकारी संघ अन्तर्गत सहकारी सूचना केन्द्रको निर्माण गर्ने ।<br>• जिल्ला तहमा जिल्ला सहकारी संघ अन्तर्गत सूचना केन्द्रहरुको स्थापना गर्ने |

| सि.नं | क्रियाकलाप | जिम्मेवार निकाय | सहयोगी निकाय | कैफियत |
|---|---|---|---|---|
| २९ | सहकारी उद्योगलाई अनुदान | • कृषि तथा सहकारी मन्त्रालय | • अर्थ मन्त्रालय | • प्रत्येक वर्ष एउटा ठूलो सहकारी उद्योग स्थापना गर्न र ४ वटा मझौला कृषि सहकारी उद्योग स्थापनालाई प्रोत्साहन गर्न अनुदान उपलब्ध गराउने ।<br>• तीन वर्षीय योजना अवधिमा १४ अंचलमा कम्तिमा एक एक ठूलो क्षमताको शीत भण्डार स्थापनामा गर्ने ।<br>• जिल्ला सहकारी संघको व्यवस्थापनमा संचालन हुने गरी अनुदान तथा ऋण उपलब्ध गराउने । |
| ३० | साना सहकारी उद्यमलाई प्रशोधन मेशिनरी खरिदमा अनुदान उपलब्ध गराउने | • कृषि तथा सहकारी मन्त्रालय | • अर्थ मन्त्रालय | • प्रत्येक साना सहकारी उद्यमहरुलाई प्रोत्साहन गर्न प्रशोधन मेशिनहरु खरिदमा ५० प्रतिशतसम्म अनुदान सहयोग उपलब्ध गराउने । |

| सि.नं | क्रियाकलाप | जिम्मेवार निकाय | सहयोगी निकाय | कैफियत |
|---|---|---|---|---|
| ३१ | सुपथ मूल्यका सहकारी पसल प्रवर्द्धन | • सहकारी विभाग | • अर्थ मन्त्रालय<br>• स्थानीय प्रशासन एवं स्थानीय निकायहरु<br>• सहकारी संघ संस्थाहरु | • अनुदान दिन बाँकी रहेका गा.वि.स. एवं न.पा.भित्र सहकारी पसल स्थापना गर्न अनुदान दिने<br>• प्रत्येक निर्वाचन क्षेत्रमा जिल्ला संघहरु मार्फत सहकारी पसलहरुलाई सुपथ मुल्यमा सामान उपलब्ध गराउन थोक पसल स्थापना गर्ने गरी अनुदान सहयोग गर्ने ।<br>• एउटा जिल्लालाई बढीमा एउटा ढुवानी साधन आयातमा भन्सार छुटको सुबिधा उपलब्ध गराउने । |
| ३२ | अनुदानको उपयोग अनुगमन | • कृषि तथा सहकारी मन्त्रालय | • स्थानिय प्रशासन<br>• स्थानिय निकाय<br>• विषयगत सहकारी संघ<br>• सहकारी कार्यालय तथा कृषि विकास कार्यालयहरु | • प्र.जि.अ.को संयोजकत्वमा जि.प्रहरी प्रमुख र सहकारी कार्यालय वा कृषि विकास कार्यालय प्रमुख रहेको टोलीलाई कार्य जिम्मेवारी दिने |

| सि.नं | क्रियाकलाप | जिम्मेवार निकाय | सहयोगी निकाय | कैफियत |
|---|---|---|---|---|
| ३३ | नीजि तथा सरकारी विद्युत परियोजनामा सहकारीको लगानी र सहकारी विद्युत परियोजनामा सरकारी तथा नीजि क्षेत्रको लगानी सम्वन्धी नीतिको तर्जुमा गर्ने । | • राष्ट्रिय सहकारी संघ | • उद्योग वाणिज्य महासंघ<br>• उर्जा मन्त्रालय<br>• कृषि तथा सहकारी मन्त्रालय | |

## अनुसूचि-२

### कार्यदलमा रही र कार्यदलको वैठकमा उपस्थित भई महत्वपूर्ण सुझावहरु दिने पदाधिकारीहरुको नामावली :

| सि.नं. | नाम | पद | कार्यालय |
|---|---|---|---|
| १. | डा.दिनेशचन्द्र देवकोटा | उपाध्यक्ष | राष्ट्रिय योजना आयोग |
| २. | डा.जगदिशचन्द्र पोखरेल | पूर्व उपाध्यक्ष | राष्ट्रिय योजना आयोग |
| ३. | डा.युवराज खतिवडा | गभर्नर/पूर्व उपाध्यक्ष | नेपाल राष्ट्र वैंक/रा.यो.आ. |
| ४. | प्रा.सुवोध नारायण झा | सदस्य | राष्ट्रिय योजना आयोग |
| ५. | श्री राम कुमार शर्मा | सदस्य | राष्ट्रिय योजना आयोग |
| ६. | श्री केशव वडाल | अध्यक्ष | राष्ट्रिय सहकारी संघ |
| ७. | श्री रामेश्वर खनाल | पूर्व सचिव | अर्थ मन्त्रालय |
| ८. | श्री कृष्णहरी वास्कोटा | सचिव | अर्थ मन्त्रालय |
| ९. | श्री नाथु प्रसाद चौधरी | सचिव | कृषि तथा सहकारी मन्त्रालय |
| १०. | श्री सरोज कुमार शर्मा | सह अध्यक्ष | राष्ट्रिय सहकारी विकास वोर्ड |
| ११. | श्री सुदर्शन प्रसाद ढकाल | रजिष्ट्रार | सहकारी विभाग |
| १२. | श्री महेश्वर शर्मा पौडेल | पूर्व रजिष्ट्रार | सहकारी विभाग |
| १३. | डा पुरुषोतम मैनाली | सह सचिव (सेवानिवृत्त) | कृषि तथा सहकारी मन्त्रालय |
| १४. | श्री भवकृष्ण भट्टराई | सह सचिव | राष्ट्रिय योजना आयोग |
| १५. | श्री मिनराज कडेल | अध्यक्ष | नेफस्कुन |
| १६. | श्री रमेश पोखरेल | अध्यक्ष | राष्ट्रिय सहकारी वैंक |
| १७. | श्री दिपक प्रकाश वास्कोटा | पूर्व अध्यक्ष | राष्ट्रिय सहकारी संघ |
| १८. | श्री विजय राज घिमिरे | उपाध्यक्ष | राष्ट्रिय सहकारी संघ, |
| १९. | श्री के.वि. मानन्धर | पूर्व डेपटी गर्भनर | नेपाल राष्ट्र वैंक |

| सि.नं. | नाम | पद | कार्यालय |
|---|---|---|---|
| २०. | श्री महा प्रसाद अधिकारी | डेपुटी गर्भनर | नेपाल राष्ट्र वैंक |
| २१. | श्री के.वि. उप्रेती | प्रवन्ध संचालक | राष्ट्रिय सहकारी वैंक |
| २२. | श्री नेत्र प्रसाद न्यौपाने | सदस्य सचिव | राष्ट्रिय सहकारी विकास वोर्ड |